स्थानीय क्षेत्रको बलियो आधार

# स्थानीय सरोकार

मासिक

वर्ष १ अंक १ श्रावण २०८०

LOCAL CONCERNS A MONTHLY MAGAZINE





## विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार

गोकर्णेश्वर नगरपालिका देशकै उत्कृष्ट बन्दै

निगरानी दैनिक

COLOR PAGE First Issue Sthaniya sarokar shrawan 2080.indd 1 8/20/2023 7:40:18 AM

AADIM
NATIONAL COLLEGE
आदिम नेशनल कलेज

Believe in yourself, embrace learning, and break free from any limitations.
AADIM helps you to bring your dreams CLOSER.

TU Affiliated

# BCA|BBS
# BSW|BA

HELP YOU
TO GROW YOUR
CAREER



Chabahil, Chuchepati, KTM
www.aadimcollege.edu.np

CONTACT US

CONTACT US NOW
014580609/9801138078


# यस अंकभित्र



...कानुन भन्दा माथि क्रसर
-जीवन शर्मा
७



स्थानीय तहका अधिकार र अभ्यास
सरोज ओझा
१३



पत्रकारको धन्दा: नाम पबित्र, काम अपबित्र !
-निगरानी ब्यूरो
२८



लम्पी स्किन रोगका कारण नेपाली किसान ठूलो मारमा
- प्रल्हाद दाहाल
१७




१९

प्रकाशक
**निगरानी दैनिक मिडिया प्रा. लि.**

प्रधान सम्पादक
**जीवन शर्मा**

सम्पादक
**नर बहादुर तामाङ**

सह-सम्पादक
**शालिकराम भट्ट**

सम्वाददाता
**रूद्र ढुंगाना**
**तनबिर अन्सारी**
**कोपिला कोइराला**

सल्लाहकार
**डा. श्रीकृष्ण वाग्ले**
**रामचन्द्र लामिछाने**

कानुनी सल्लाहकार
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

फोटो पत्रकार
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८२-३००५००१
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

कम्प्यूटर ले-आउट
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं

मुद्रण
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल

# सम्पादकीय

## स्थानीय सरोरकारमा हाम्रो प्रतिबद्धता

नेपाल एक समृद्ध ऐतिहासिक, सांस्कृतिक र भौगोलिक विविधताले भरिपूर्ण देश हो । यस विविधतामा स्थानीय सरकारका विभिन्न भूमिकाले झनै नयाँ आयामहरू ल्याउँदै आएको छ । स्थानीय शासनले नेपालको नागरिकलाई सकारात्मक परिवर्तन ल्याउन अवसर प्रदान गरिरहेको छ । स्थानीय सरकारले जनताको प्रतिष्ठा र सहयोग प्राप्त गर्दै नेपालको विकासको मार्गमा महत्त्वपूर्ण भूमिका निभाउँदै आएको छ । देशभरका ७५३ वटा गाउँपालिका/नगरपालिकाहरूले स्वतन्त्र रुपमा यातायात, शिक्षा, स्वास्थ्य, पर्यटन, सांस्कृतिक आदि क्षेत्रमा विभिन्न कार्य गर्दै आएका छन् । स्थानीय सरकारले गर्ने विकासका लागि आवश्यक निर्णयहरूले गर्दा समृद्धि र समानतामा सकारात्मक परिवर्तन ल्याउन सक्छ । साथै, नागरिकले आफ्नो अधिकार र कर्तव्य पूरा गर्न सक्छन् र सरकारले यसमा सहयोग प्रदान गर्दा हाम्रो समाज सुधारिनेमा कुनै दुई मत नै छैन । नेपाललाई सशक्त बनाउने हाम्रो लक्ष्यमा स्थानीय सरकारले नयाँ दिशा प्रदान गरिरहेको छ । यसरी हेर्दा हामी स्थानीय सरकारकारलाई हाम्रो साथीका रुपमा पनि लिन सकिन्छ । स्थानीय शासनले नेपालको समृद्धि, समानता र सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका निभाउन सक्छ । नेपाल एक विविधतामय देश हो, जसमा प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर, राजनीतिक संरचना, आर्थिक स्थिति आदि समेटिएको छ । अनेकौं बर्षदेखि स्थानीय सरकारले नेपालको विकासमा सहयोग गरेको छ । पर्यटन, स्वास्थ्य, शिक्षा, वातावरण, आदिका क्षेत्रमा परियोजनाहरूको रूपमा लगानी गरेको छ । यसले स्थानीय जनताको जीवनमा पर्याप्त परिवर्तन ल्याएको छ ।


यद्यपि स्थानीय सरकारको विषयमा जति हाम्रो सोच छ त्यो भन्दा पनि त्यसभित्रका विभिन्न चुनौतिहरू र त्यसमा गर्नुपर्ने संघर्षलाई नजरअन्दाज गर्न भने पटक्कै मिल्दैन । अझै पनि सामुदायिक विकास, बेरोजगारी, असहमति, आर्थिक असमानतालगायतका विविध चुनौतीहरू स्थानीय तह समक्ष छन् । अहिलेका दिनमा, स्थानीय शासनले आफ्नो विभिन्न समस्याहरूसँग सामना गर्दै छ । अझै पनि आर्थिक अभाव, विकासका परियोजनामा लागेको असामयिकता, प्रदूषण, सडक निर्माणका प्रोजेक्टको प्रभाव, सामाजिक समानता र विकासका लागि आवश्यक सेवा प्रदान आदिमा समस्या विद्यमान नै छ । स्थानीय सरकार नै समस्यमा हुँदा पूरा समाज नै समस्यामा हुने हुँदा यसलाई समाधान गर्नतर्फ आम सञ्चार, सर्वसाधारण लगायत सबैले ध्यान दिनुपर्ने हुन्छ । हामीले पनि यसको समाधानमा सहयोग गर्नुपर्दछ । सरकारले नागरिकको मागहरूलाई सुन्न, उनीहरूको समस्याहरूलाई हल गर्नका लागि सुन्न र सरकारको कामको प्रशंसा गर्नका लागि सधैंभरी पहरेदारी र खबरदारी गर्ने दायित्व सञ्चार माध्यमहरूको हो । हामी सबैले मिलेर स्थानीय सरकारलाई सकारात्मक परिवर्तन ल्याउनका लागि यसको समर्थन गर्नुपर्छ । साथै स्थानीय सरोकारका विविध विषयमा आमसञ्चारबाट स्थानीय तहसम्म पुऱ्याउने काम हुनुपर्दछ । अहिलेको परिवेशमा राजधानी केन्द्रित भएर विभिन्न सञ्चार माध्यम सञ्चालन भइरहँदा स्थानीय स्तरका समस्या, सरोकार लगायतमा ध्यान दिने कमै मात्र छन् । यो अवस्थामा हामी स्थानीय सरोकार मार्फत स्थानीय स्तरका समस्या, गुनासो अनि विविध उपलब्धिहरू सम्बन्धित निकाय, व्यक्ति समक्ष पुऱ्याउने प्रयत्न गर्नेछौं । स्थानीय सरोकारको यो पहिलो अंकसहित हामी स्थानीय स्तर हुने विविध विषयको उजागर गर्ने प्रतिबद्धता जनाउँदछौं ।

# विकास निर्माण, समृद्धि र पुनः निर्माणमा
# गोकर्णेश्वर नगरपालिका देशकै उत्कृष्ट बन्दै

साविक जोरपाटी गाउँ विकास समिति वडा नम्बर ८ हाल गोकर्णेश्वर नगरपालिका-९ आरुबारीमा पिता भरत बहादुर रिसाल र माता जानकी रिसालका सन्तानका रुपमा वि.सं. २०३० सालमा जन्मिनुभएका दिपक रिसाल अत्यन्तै जनप्रिय, लोकप्रिय, जनसेवी, विकासप्रेमी, सुशासन पक्षधर, इमानदार, नैतिकवान, क्षमतावान र देशभक्त नेता हुनुहुन्छ । रिसालको पारिवारिक मुख्य पेशा कृषि तथा पशुपालन थियो । उहाँ पारिवारिक पेशालाई थप विस्तार गर्दै त्यसलाई सहयोग र त्यसमा इट्टा थप्ने काममा सदैव लागिरहनु भयो । उहाँ कृषिमा जति सक्रिय हुनुहुन्थ्यो त्यति नै राजनीतिमा पनि आफूलाई स्थापित गर्दै आइरहनुभएको थियो । उहाँले राजनीतिलाई अघि बढाउँदै २०४६ सालको जनआन्दोलनमा सहभागी हुँदै सक्रिय रुपमा राजनीतिक जीवन सुरु गर्नु भएको हो । रिसालले नेपाली कांग्रेसको भातृसंगठन नेपाल विद्यार्थी संघमा आवद्ध रहेर राजनीतिक जीवनलाई अगाडि बढाउनु भयो । उहाँ नेपाली कांग्रेसका नेता तथा क्षेत्रीय सचिव समेत हुनुहुन्थ्यो । कुनै व्यक्तिलाई काम गर्नका लागि पारिवारिक वातावरण र इच्छा शक्ति चाहिन्छ । जुन इच्छा शक्ति रिसालमा धेरै नै छ । त्यो खालको शक्ति र सामर्थ्य कमैमा पाइन्छ । त्यसैको फलस्वरुप रिसाल अहिले गोकर्णेश्वर नगरपालिकाको प्रमुखको रुपमा जनताको सेवा गरिरहनु भएको छ ।

उहाँ यो अवस्थासम्म आइपुग्दा कुनै पनि शक्तिहरूका सामु झुक्नु परेको छैन यो नगर प्रमुख रिसालको प्रमुख विशेषता हो । पारिवार, जीवनसाथी, बुद्धिजिवी, भद्रभलादमी र सम्पूर्ण नगरवासीको सहयोगले नै सफलताको शिखरमा लम्कन उहाँलाई थप टेवा पुगेको छ ।

उहाँले राजनीतिक जीवनको लामो यात्रामा पार्टी विभिन्न सामाजिक संघसंस्था र जनप्रतिनिधि गरी विभिन्न निर्वाचनमा भाग लिइसक्नु भएको छ । अधिकांश निर्वाचनमा उहाँले जित हासिल गर्नु भएको छ । निर्वाचनमा उहाँ पराजित भएको इतिहास भने छैन । नगर प्रमुख रिजाल निर्वाचित भएसँगै देश र जनताको हितमा काम गर्दै आउनु भएको छ । आम नागरिकबीच सहजै भिज्न सक्ने क्षमताले पनि एक कुशल नेतृत्व, विकास निर्माणको कार्यमा सदैव अगाडि रहने नेताको रुपमा उहाँ परिचित हुँदै आउनु भएको छ । स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट प्रमुखको उम्मेदवारको टिकट पाउने र टिकट पाएर पनि चुवाव जित्ने कमै नेता छन् । तिनै कम उम्मेदवार र नेता मध्येमा एक हुनुहुन्छ गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख दिपक रिसाल ।



नगर प्रमुख रिसाल पूर्वी उपत्यका कै एक प्रभावशाली व्यक्ति हुनुहुन्छ । नगर प्रमुख रिसालले विकास र समृद्धिका निम्ति महत्वपूर्ण बाटो अवलम्बन गर्दै आइरहनु भएको छ । उक्त क्षेत्रका आम नागरवासीका समस्यालाई रिसालले आफ्नै समस्याका रुपमा लिने गरेको प्रष्टसँग व्याख्या गर्दै आउनु भएको छ । नगर प्रमुख रिसाल निर्वाचित भएदेखि एक वर्ष कार्यकालमा गोकर्णेश्वर बासीहरूका हरेक खालका जीवनस्तर उकास्ने लगायतका विकास निर्माण र जनतासँग प्रत्यक्ष जोडिएका काम गर्दै आउनु भएको छ ।

काठमाडौं जिल्ला उपत्यका भित्र पर्ने एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक रुपमा सम्पन्न र समृद्ध जिल्ला हो । काठमाडौंमा ११ वटा

स्थानीय सरकार छन् । जसमध्ये एक काठमाडौं महानगरपालिका र १० नगरपालिकाहरू छन् । जसमध्ये कागेश्वरी मनोहरा, कीर्तिपुर, गोकर्णेश्वर, चन्द्रागिरी, टोखा, तारकेश्वर, नागार्जुन, दक्षिणकाली, शंखरापुर र बुढानिलकण्ठ नगरपालिका रहेका छन् ।

यस गोकर्णेश्वर नगरपालिकाको नाम साविकका सुन्दरीजल, नयाँपाटी, बालुवा, गोकर्ण र जोरपाटी गाउँ विकास समितिलाई समेटेर अर्थात समायोजन भई हाल वडा नं ४ मा अवस्थित पवित्र धार्मिक स्थल श्री गोकर्णेश्वर माहादेवको मन्दिरको नामबाट नामाकरण भएको हो । शुरुमा नगरपालिका घोषणा हुँदा यहाँ १६ वटा वडाहरूमा विभाजन गरिएको थियो । नेपाल सरकारले २०७२ फागुण २६ गते जारी गरेको स्थानीय तह घोषणा र पुनःसंरचना पश्चात ९ वटा वडाहरू कायम भई यसको केन्द्र जोरपाटी तोकिएको हो ।

यस नगरपालिकाको पूर्वमा कागेश्वरी मनोहरा नगरपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा काठमाडौं माहानगरपालिका, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्ला तथा दक्षिणमा कागेश्वरी मनोहरा नगरपालिका पर्दछ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या १ लाख ७ हजार ३ सय ५१ रहेकोमा हाल भएको वृद्धिलाई दृष्टिगत गर्दा यहाँको जनसंख्या एक लाख पचास हजार भन्दा बढी भएको अनुमान गर्न सकिन्छ । भौगोलिक विविधता, आफ्नै छुट्टै मौलिकता, ऐतिहासिक धार्मिक स्थल, पवित्र बागमती नदीले सुशोभित यस नगरपालिकाको भू-बनावट टार, बेसी, भिरपाखा, फाँट र जंगलले भरिपूर्ण छ । भौगोलिक वनावटको दृष्टिकोणले यस नगरपालिकालाई मुख्य दुई क्षेत्रमा विभाजन गरिएको छ । उत्तरी क्षेत्रमा पहाडी भू-भाग र दक्षिणी क्षेत्रमा सम्म टार, फाँटहरू पर्दछन् ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख रिसालको यो पहिलो कार्यकाल हो । यस नगरपालिकाकी उपप्रमुख सान्नानी लामा नेकपा एमालेबाट निर्वाचित हुनुभएको हो । प्रमुख प्रशासकीय अधिकृत बैकुण्ठ प्रसाद सापकोटा, सूचना अधिकारी र प्रशासन प्रमुख भुपेन्द्र बोहोरा, नगर प्रवक्ता नारायण बहादुर सुवेदी तथा सबै जनप्रतिनिधि र प्रशासनका कर्मचारीको सहयोग र हातेमालोले रिसाललाई दैनिक हरेक खालका काम, कर्तव्य पुरा गर्न र सुशासनमा ठूलो टेवा गुगेको छ । रिसाल निर्वाचित हुनुभन्दा एक वर्ष अगाडि गोकर्णेश्वर नगरपालिकाको



विकास निर्माणको स्थिति धैरै हिसावले विकासोन्मुख थियो । पूर्व मेयर तथा उपमेयरबाट सम्पन्न हुन बाँकी निर्माण योजना र विकास पूर्वधारका कार्यलाई निरन्तरता दिँदै नयाँ कामको थालनी तीव्र गतिमा अगाडि बढेका छन् । सडक, ढल, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा उल्लेखनीय युगान्तकारी परिवर्तन भएका छन् ।



उपत्यकाको नगरपालिका भए पनि ओखरेनी, चिलाउने, तारेभीर जस्ता क्षेत्र ग्रामीण नगरपालिका जस्तै देखिन्थ्यो । विस्तारै विकास पूर्वाधारले आज यिनै क्षेत्र विकासोन्मुख अवस्थामा लम्किदै गरेको देख्न सकिन्छ । आर्थिक वर्ष २०७९/०८०मा गोकर्णेश्वर नगरपालिकाको १ अर्ब ८३ करोड बजेट मध्ये ७० प्रतिशत भन्दा बढी पुँजीगत लागत खर्च भएको छ । यस नगरपालिकाको पछिल्लो भौतिक प्रगति विवरण हेर्दा ग्राभेल सडक २२२१ मिटर, कालो पत्रे सडक २१९९ मिटर, सडक ढलान ९४७५.०७ मिटर, ब्लक छाप्ने काम ३९२४.२४ मिटर, रिटेनिङ वाल ७१४८ घन मिटर, ढल निकास र ह्यूमपाइप ६९०४ मिटर र ग्याबिन वाल १३३८ मिटरको निर्माण कार्य सम्पन्न भइसकेका छन् । खानेपानी क्षेत्रलाई यस नगरपालिकाले निकै नै जोडतोडका साथ अगाडि बढाएको छ । प्रदेश सरकारको सहयोगमा खानेपानीका लागि रु २५ लाख र थप यस नगरपालिकाबाट सिंचाईका लागि रु २५ लाख गरी जम्मा रु ५० लाखको चिलाउने-ओखरेनी एकीकृत आयोजनाको काम भइरहेको छ । यस आयोजनाले वडा नं. १ चिलाउने ओखरेनीका स्थानीयवासीलाई एक घर एक धारा अवधारणाका साथ काम अगाडि बढाइरहेको छ । त्यसैगरी खानेपानी योजनाको पाइप जडान १७५१६ मिटर सम्पन्न भैसकेको छ । खानेपानी ट्यांकी ७ वटा र खानेपानी बोरिंग ९ वटा निर्माण भएका छन् ।

त्यस्तै बालुवामा पक्की पुल निर्माण भएको छ भने माकलबारीमा निर्माण हुने अवस्थामा छ । वातावरण संरक्षण तथा पर्यावरण बचाइराख्न विभिन्न खालका कामहरू भइरहेका छन् । रेलिङ्ग ८१२ मिटर तथा रंग-रोगन ८१२ वर्ग मिटर, सार्वजनिक उद्यान र पार्क २ वटा सम्पन्न भइसकेका छन् । गत वर्ष मात्रै महिला, युवा, जेष्ठ नागरिक, क्लब उपभेक्ता जस्ता ४६ वटा भवनहरू निर्माण सम्पन्न भैसकेका छन् । यसै पालिकाको नयाँ भवन निर्माणाधीन अवस्थामा रहेका छ । यही अवधिमा पर्यटकीय धार्मिक सम्पदाको रुपमा चिनिने श्री गोकर्णेश्वर महादेवको मन्दिर, मठ मन्दिर, गुम्बा, चैते, गिर्जाघर, तथा मौलिक परम्परागत रुपमा मानिदै आएका जात्रा जस्ता अन्य धार्मिक महत्व बोकेका परम्परालाई संरक्षण र सम्बर्द्धनले धार्मिक पर्यटको लागि बाटो खुल्ने र पर्यटकीय विकास हुने रिसालको दृढ बुझाइले नै यि काम बनेका हुन् ।

नगर प्रमुख रिसालले आफ्नो इतिहास देखिने र जनताले महसुस गर्ने गरी विकास निर्माण र सामाजिक विकासका कामलाई अगाडि बढाउँदै आउनु भएको छ । उहाँ राजनीतिलाई सेवाका रुपमा लिँदै जनताको सेवा र समुदायको हकमा प्रभावकारी रुपमा कार्यान्वयन गर्दै दक्ष जनशक्ति निर्माण र स्वरोजगार निर्माणमा प्रथमिकताका साथ अगाडि बढिरहनु भएको छ । यसका साथै रिसालको नेतृत्वमा ज्येष्ठ नागरिकलाई सम्मान र सहज रुपमा जीवन व्यतित गर्नका लागि विश्रामस्थल, युवाहरूका लागि खेलकुद स्थल निर्माणाधीन अवस्था रहेका छन् । प्रमुख रिसालले नगरवासीको स्वास्थ्य सुरक्षाको लागि यसै वर्षदेखि बीमा योजना लागू गर्नु भएको छ । गोकर्णेश्वर नगर अस्पताल भवन निर्माणाधीन अवस्थामा छ । निःशुल्क स्वास्थ्य अवधारणा लागू गर्नुका साथै १० वटा स्वास्थ्य संस्थाबाट आधारभूत निःशुल्क स्वास्थ्य सेवा र ४ वटा संस्थाबाट ल्याब सेवा कार्यको



थालनी गर्नु भएको छ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्राथमिकतामा राखी स्थानीय बासिन्दाहरूका लागि निःशुल्क कार्यक्रम ल्याउनु भएको छ ।  गोकर्णेश्वर नगर अस्पतालबाट ५ किसिमका विशेषज्ञ सेवा निःशुल्क रुपमा प्रदान हुँदै आइरहेको छ । जसमा अर्थोपेडिक तथा ग्यास्ट्रोलोजी, जनरल फिजिसियन सेवा, रेडियोलोजी सेवा ९ग्क्०, भिडियो एक्स-रे, स्त्री रोग विशेषज्ञ सेवा, बालरोग र मुटु रोग विशेषज्ञ सेवा रहेका छन् ।

रिसालले यसै वर्ष निजी अस्पतालसँग साझेदारी तथा वाचा अभिमुखिकरणलाई मुख्य रुपमा समावेश गर्नु भएको छ । जसमध्ये नेपाल मेडिकल कलेजमा ६५ वर्ष भन्दा माथिका नगरवासीलाई ७० प्रतिशत छुट (नेपाल मेडिकल कलेजबाट ४० र गोकर्णेश्वर नगरपालिकाबाट ३० प्रतिशत)को व्यवस्था गरिएको छ । र एक लाख सम्मको छुट दिने व्यवस्था गरिएको छ । त्यस्तै ६५ वर्ष भन्दा मुनिका लाई ५० प्रतिशत छुट दिलाउनु भएको छ । त्यसैगरी मोतीयाविन्दुको निःशुल्क शल्यक्रिया, आंग खस्ने विरामी तथा पाठेघर क्यानसरको निःशुल्क शल्यक्रिया तथा शंकास्पद क्यान्सर रोगीलाई निःशुल्क ल्याव परीक्षणको व्यवस्था नगर प्रमुख रिसालकै नेतृत्वमा भएको छ । यस नगरका नगरवासीहरूले शंकरापुर अस्पतालमा उपचार गराउँदा ५० प्रतिशत छुट पाउने छन् । जसमा शंकरापुर अस्पतालबाट ३० र गोकर्णेश्वर नगरपालिकाबाट २० प्रतिशत छुटको व्यवस्था गरिएको हो । आम्दा नेपाल नामक संस्था र यस नगरपालिकाबीच आपसी समझदारीमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर तथा स्त्री रोग बारेमा पनि काम हुँदै आएको छ । उहाँले प्रत्येक वडा कार्यलयमा निःशुल्क गर्भवती भिडियो एक्सरे सेवा, नेपाल सरकारबाट तोकएको औषधि निःशुल्क उपलब्ध, ५ वटा माध्यामिक विद्यालयमा नर्स कार्यक्रम सञ्चालन, २४ सै घण्टा एम्बुलेन्स सेवा सञ्चालन लगायतका अन्य धेरै काम गर्नु भएको छ ।

सामाजिक विकासका क्षेत्रमा महिला, दलित, आदिवासी, जनजाती, गरिब, विपन्न वर्गको समावेश तथा अपाङ्गताका लागि निःशुल्क ह्वीलचियर विवतरण/मर्मत कार्यक्रम, जस्ता धेरै काम गर्दै नगरप्रमुख रिसालले उदाहरण कायम गर्दै आइरहनु भएकोछ ।






# ‘कानुन भन्दा माथि क्रसर’

-जीवन शर्मा

निगरानी ब्यूरो । नेपालमा बालुवाजन्य उत्खनन तथा निर्माण उद्योगको बढ्दो ‘लबिङ’ गर्ने शक्तिको इतिहासलाई केलाउँदा, सर्वोच्च अदालतको निर्देशन पछि नेपाल सरकारले २०६७ सालमा जारी गरेको कडा मापदण्डप्रति उनीहरूले देखाएको घोर विरोधदेखि नै विद्यमान रहेको भेटाउन सकिन्छ । यो घटना त्यतिबेला भरखरमात्र संरक्षित क्षेत्र घोषणा भएको चुरे क्षेत्रमा क्रसर उद्योगहरू नियमन गर्न सार्वजनिक दबाब बढ्दै गएको समयताकाको कुरा हो ।

धनुषा निवासी तत्कालीन राष्ट्रपति रामवरण यादवले चुरे क्षेत्रमा आइलागेको सङ्कटलाई सम्बोधन गर्न प्रभावकारी संरचनाको खाँचो भएको भन्दै राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समिति गठन गर्न पहल गरे । २०७१ सालमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समिति गठन भएपछि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले “चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा निर्यातले यस क्षेत्रमा अत्यधिक दोहन निम्त्याएको र त्यसका साथै, यसले सर्वसाधारण र पर्यावरणलाई प्रतिकूल असर पारेको“ भन्दै बालुवाजन्य सामाग्रीको निर्यातमाथि रोक लगाएको थियो ।



यससँगै बालुवाजन्य उत्खनन उद्योगका निम्ति नयाँ मापदण्ड लागू गरिनुलाई त्यतिबेला एक मुख्य उपलब्धिको रूपमा स्वागत गरिएको थियो । त्यस समयमा धेरै संरक्षणकर्मीहरूले यो नयाँ मापदण्डले गैरकानुनी बालुवाजन्य उत्खनन कम हुने आशा राखेका थिए । नयाँ मापदण्डले, बालुवा उत्खनन उद्योगहरू खोलानाला र राजमार्गदेखि ५०० मिटर, हाइटेन्सन लाइनको विद्युतीय ग्रिडदेखि १०० मिटर, एवम् विद्यालय, कलेज, स्वास्थ्य केन्द्र, अस्पताल, मानव बस्ती, र धार्मिक तथा पुरातात्विक स्थानदेखि २ किलोमिटर दुरीमा रहनुपर्ने भनि तोकेको थियो । तर क्रसर उद्योग सञ्चालकहरूले भने नयाँ मापदण्डले आफुहरूलाई निकै हानि पुग्ने भन्दै त्यसको बिरूद्ध आन्दोलन नै गरे । उनीहरूले महिनौंसम्म निर्माण सामग्रीहरूको बिक्री वितरणमा रोक लगाए, जसले गर्दा सरकारी ठुला विकास आयोजना लगायतका सबै खाले निर्माण गतिविधिहरू ठप्प नै परे । प्राकृतिक स्रोतको दोहनमा वाहाल देखि पुर्व प्रदेशका मन्त्रीहरुको लगानीमा भई रहेको छ । क्रसर व्यवसायीलाई नदीमै एक्साभेटर छिराएर ढुंगा-बालुवा निकाल्ने अनुमति नदिएपनि जनप्रतिनिधिको आँडमा सो अबैध काम भई रहदा बहालवाला मन्त्री तथा सासदहरुको लगानी रहेको समेत खुलेको छ । तालतलैया, ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाट क्षेत्रको १५ सय मिटरभित्र र हाइटेन्सन लाइनको ५ सय मिटरभित्र, शिक्षण, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक तथा सुरक्षा निकायबाट २ किलोमिटर क्षेत्रभित्र क्रसर राख्न पाइँदैन । त्यस्तै, निकुञ्ज, आरक्ष क्षेत्र, घनाबस्ती र वन क्षेत्रबाट तराईमा २ किलोमिटर र पहाडमा १ किलोमिटर, पुल, राजमार्गबाट ५ सयमिटर बाहिर र अन्तर्राष्ट्रिय सिमानाबाट कम्तीमा १ किलोमिटर बाहिर क्रसर राख्न भनिएको छ ।

मापदण्डअनुसार तालतलैया र धार्मिक महत्वका पोखरीबाट तराइमा १ किमि र पहाडमा ५ सय मिटर बाहिरबाट मात्र उत्खनन र संकलन गर्नपर्ने ऐनमा उल्लेख छ । त्यसैगरी, असारको पहिलो दिनदेखि भदौ १५ सम्म उत्खनन तथा संकलन गर्न नपाइने, सुर्यास्त भएर सुर्योदय नभएसम्म पनि उत्खनन तथा संकलन गर्न नपाइने मापदण्ड रहेको भएपनि रातभर नदी दोहन हुदै आएको छ । जनप्रतिनिधिबाटै विद्यमान मापदण्डविपरीत क्रसर उद्योग स्थापना गरेपछि अहिले स्थानीयबासी आन्दोलित

हुनुपरेको छ । जनप्रतिनिधिबाट पीडितहरुको जग्गालाई अधिग्रहण गरी सञ्चालन गर्नलागेको बालुवा वासिङ एवं क्रसर उद्योग बन्द गरिपाउँ भनी सम्बन्धित निकायमा उजुरी गरे पनि अहिले सम्म कुनै कारबाही हुन सकेको छैन । लक डाउनको समयलाई मध्य नजर गर्दै मौलाएको धन्दा आज सम्म पनि जिउका तिउँ नै छ भने सो क्रसरमा स्थानीय केन्द्रीय नेताहरुकै लगानी रहेका कारण सो क्रसर उद्योगलाई अत्यावश्यक बस्तुका रुपमा व्याख्य गर्दै सञ्चालन अनुमति दिई अबैध कमिशन समेत संकलन गर्न थालेको खबर प्राप्त हुने गरेको छ ।

जिल्ला समन्वय समितिको संयोजनमा जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारीहरु, कार्यालयका प्रमुखलगायतको संयुक्त बैठकले सो निर्णय नै गरेको थियो । लकडाउनको नाममा गर्दै सामाजिक दुरीलाई ख्याल गर्दै विकास निर्माणका काम सञ्चालन गर्ने भन्दै सो क्रसर उद्योगहरु सञ्चालन गर्ने दिने निर्णय भने गरेकै थियो ।नेपाल अधिराज्य भित्रका सवै क्रसरहरु विद्यमान ऐन कानुन विपरित रहेका छन् र यसमा छन्विन गर्ने निकाए किन मैन छन् त ? यो प्रश्न निकै पेचिलो बनेको छ ।यद्यपि यि क्रसरहरुमा अधिकाशं नेताहरुको लगानी रहेको एक तथ्यांकले देखाएको छ । यस कार्यमा निजामती कर्मचारीहरुले कमिशन लिएर उद्योग अबैधरुपमा सञ्चालन हुदै आएको घटना पनि तपाई हामिले नसुनेको भने पक्कै होइन ।

विकास निर्माणका काम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले समन्वय गरी पास उपलब्ध गराउने र त्यस कामका लागि आवश्यक निर्माण सामग्री ल्याउन परे निर्माण कार्यको निरन्तरताका लागि सहजिकरण गर्ने उप समितिले पास उपलब्ध गराउने निर्णय भएको छ । नदिमा खुलेआम विद्यमान ऐन विपरित सञ्चालन भएका क्रसर उद्योगहरु बन्द हुनु पर्ने माग उठेपनि सो बारे सम्बन्धित सरकारी निकायले भने कुनै चासो दिएको देखिदैन आखिर किन ? ९ चैत ०७७ मै सर्वोच्चले आदेश दिएको थियो-मापदण्ड विपरीत सञ्चालित क्रसर खारेज गर्न, तर सिंहदरबारसम्मै पहुँच राख्ने व्यवसायीले स्थानीय प्रशासनलाई प्रभावित पारेर निरन्तर प्राकृतिक स्रोतको दोहन गरिरहे - वडाध्यक्ष, मेयरदेखि सांसदसम्मले चलाएका क्रसरसमेत बन्द, अधिकांश क्रसरमा नेता र जनप्रतिनिधिकै लगानी, नौ जिल्लामा सञ्चालित सबै क्रसर बन्द, सबैभन्दा धेरै मकवानपुरमा १०२ क्रसर सञ्चालित, ८५ बन्द गरिए मापदण्डविपरीत सञ्चालित क्रसर उद्योगविरुद्ध गृह प्रशासन आत्रामक बनेको छ । राजनीतिक पहुँच र शक्तिका आडमा सञ्चालित यस्ता ६ सय ८८ उद्योग एक सातामै बन्द गराइएको छ, जसमा वडाध्यक्ष, मेयरदेखि सांसदसम्मका क्रसर पनि छन् । नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्यक्ष सीताराम न्यौपाने भन्छन्-सरकारले सही नियतले गरेको हो भने हामी पनि सहकार्य गर्न तयार छौं ।

सरकारले यस क्षेत्रको समस्या समाधान गर्ने नियतले नै यो कदम उठाएको हो भने हामी सहकार्य गर्न पनि तयार छौं । तर, यो इस्यु उठाएर अलपत्र छोड्छ भने देशलाई नै घाटा हुन्छ । किनभने क्रसर क्षेत्र समग्र विकास निर्माणका लागि कच्चा पदार्थ तयार गर्ने क्षेत्र हो । सरकारको यो कदमले समग्र विकास निर्माणको कार्य नै प्रभावित हुन्छ । गत २० पुसमा गृह मन्त्रालयले अवैध क्रसर बन्द गर्न ७७ वटै जिल्ला प्रशासनलाई परिपत्र गरेको थियो । गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलका अनुसार देशभर एक हजार दुई सय २५ क्रसर उद्योग सञ्चालनमा छन् । बिहीबारसम्म तीमध्ये अवैध रूपमा चलाइएका ६ सय ८८ उद्योग बन्द गरिएका छन् । बन्द गर्ने क्रम जारी छ ।

'साढे ६ सय भन्दा धेरै अवैध क्रसर बन्द भइसके,' प्रवक्ता पोखरेलले भने, 'केही बन्द हुने क्रममा छन् । अब मापदण्ड पुरा गर्ने क्रसर मात्र सञ्चालन हुन्छन् ।' सर्वोच्च अदालतले समेत यससम्बन्धी निर्देशन दिएकाले अदालतको आदेशसमेत पालना गराउन कडाइ गर्न थालिएको उनको भनाइ छ । गृह मन्त्रालयको विवरणअनुसार कतिपय जिल्लामा सबै क्रसर नियमविपरीत सञ्चालित रहेको पाइएको छ । त्यसरी ललितपुरमा ७६, काभ्रेमा ४८, दाङमा ४२, महोत्तरीमा ३३, सिन्धुपाल्चोकमा ३३, बाँकेमा २६, सर्लाहीमा २०, तनहुँमा २० र इलाममा दुई उद्योग सञ्चालित थिए । ती सबै अहिले बन्द गराइएको गृहप्रवक्ता पोखरेलले बताए । मापदण्डविपरीतका अधिकांश क्रसर बन्द गरिए पनि आयोजनाले सञ्चालन गरेका भने अझै बन्द हुन नसकेको स्रोत बताउँछ । कतिपय क्रसर विकास निर्माण आयोजनाका लागि मात्र भनेर सञ्चालनमा छन् । तर, त्यस्ता क्रसरले आयोजनाका नाममा बाहिरसमेत गिटी, ढुंगा, बालुवा बिक्री गर्दै आएका छन् । त्यस्ता क्रसरको संख्या देशभरि ८६ छ

। काभ्रेमा अधिकांश क्रसर जिल्लाका नेताहरूकै छ । सबै पार्टीका नेताहरूको क्रसरमा प्रत्यक्ष-अप्रत्यक्ष लगानी रहेको एक प्रहरी अधिकारीले बताए । नमोबुद्ध नगरपालिकाका मेयर कुन्साङ लामा आफैँ क्रसर सञ्चालक हुन् । नमोबुद्ध- ६ स्थित बिपी राजमार्गको छेउमा उनको ब्यु साइन रोडाढुंगा उद्योग छ, जुन मापदण्डविपरीत रहेको भन्दै अहिले प्रशासनले बन्द गराएको छ । सो उद्योगले बस्ती नै जोखिममा परेको भन्दै स्थानीयले विरोधसमेत गर्दै आएका थिए ।

काभ्रेका प्रदेश सांसद तीर्थ लामा र कांग्रेस नेता गणेश लामाको पनि रोशीखोलाको क्रसरमा अप्रत्यक्ष लगानी रहेको स्रोत बताउँछ । कांग्रेसकै प्रदेश सांसद कञ्चनचन्द्र बादेको पनौती क्षेत्रमा क्रसर छ । 'जिल्लाका क्रसर उद्योग कांग्रेस, एमाले र माओवादीका नेताहरूको कब्जामा छ,' जिल्ला प्रशासन कार्यालयका एक अधिकारीले भने, 'केहीमा पुर्वप्रहरी अधिकारीको समेत लगानी रहेको सुनिन्छ ।'

जिल्ला समन्वय समिति काभ्रेका अध्यक्ष दीपक गौतमले प्रकृतिको दोहन हुने गरी जिल्लामा क्रसर उद्योग चलाउन रोकिएको बताए । 'सकेसम्म उद्योग बन्द गर्ने पक्षमा हामी छैनौं,' उनले भने, 'सबै कागजपत्र बुझाउन माघ २ गतेसम्मको समय दिएका छौं, त्यसपछि मापदण्ड पुर्‍याएका मात्र सञ्चालन गर्न दिन्छौं ।' काभ्रेमा ४८ वटा क्रसर रहेकोमा हाल सबैलाई बन्द गरिएको छ । हालै जिल्ला समन्वय समितिले गरेको छानबिनमा सबैजसो क्रसर मादपण्डविपरीत सञ्चालित रहेको पाइएको थिया । रौतहटको चन्द्रपुर- ८ मा सञ्चालित आश्रय अस्फाल्ट एवं क्रसर उद्योग रौतहट १ (२) बाट निर्वाचित प्रदेश सभा सांसद नागेन्द्र साह र उनका दाजुको साझेदारीमा छ । गाउँको बीचमा सञ्चालित यो उद्योग पनि बन्द गरिएको छ । गृह मन्त्रालयको निर्देशनपछि क्रसर उद्योग बन्द गरिन थालिएपछि सर्वसाधारण खुसी भएका छन् । त्यस्तै, नवलपरासीको नवलपुरमा सांसद विष्णु कार्की र कावासोती नगरपालिका- ९ का वडाध्यक्ष रिभरकुमार श्रेष्ठको क्रसर उद्योग पनि बन्द गरिएका छन् । नुवाकोटमा एमाले नेताहरू नारायण खतिवडा, हिरानाथ खतिवडा तथा पुर्वमेयर सञ्जु पण्डितले चलाएका क्रसर पनि बन्द गरिएका छन् । धेरै क्रसर भएको जिल्लामध्येको एक सिन्धुपाल्चोकमा पनि सबैजसो पार्टीका नेताको लगानी छ । पुर्वमन्त्रीसमेत रहेका दावा तामाङको अविरल इन्द्रावती क्रसर उद्योगमा लगानी छ । बागमती प्रदेश सभा सदस्य किरण थापा, पुर्वजिसस प्रमुख कृष्णगोपाल तामाङ, पुर्वगाउँपालिका अध्यक्ष राजकुमार पौडेल, सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पुर्वअध्यक्ष कमल श्रेष्ठलगायतका कांग्रेस, एमाले, एकीकृत समाजवादी र माओवादी केन्द्रसम्बद्ध नेताहरू क्रसर व्यवसायमा संलग्न छन् । केही ठुला कर्मचारीको पनि क्रसरमा सेयर लगानी छ । गृहबाट जतिपटक आदेश आए पनि राजनीतिक दल र ठुला कर्मचारीको दबाबमा अवैध क्रसर निर्वाध चल्दै आएका छन् ।

नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्यक्ष सीताराम न्यौपाने समस्या सम्बोधन हुने नियतसाथ सरकारले यो कदम अगाडि बढाएको हो भने सहकार्य गर्न तयार रहेको बताए । 'राज्यले क्रसर उद्योगलाई संरक्षण गर्नुपर्ने वेलामा बन्द गर्नु दु:खद पक्ष हो । सरकारले अवैध क्रसर उद्योग बन्द गरेकामा हाम्रो कुनै गुनासो छैन । तर, अवैधको नाममा वैध उद्योग पनि बन्द गरिएका छन्, त्यसमा हाम्रो आपत्ति छ । विगतका सरकारले पनि क्रसर उद्योग क्षेत्रमा भएका समस्या समाधान गर्छौं भनेर यो विषय उठाए, तर समाधान गरेनन्,' उनले भने, 'यो सरकारले पनि त्यस्तै गर्न खोजेको हो भने हाम्रो आपत्ति छ । यदि सरकारले यस क्षेत्रको समस्या समाधान गर्ने नियतले नै यो कदम उठाएको हो भने हामी सहकार्य गर्न पनि तयार छौं । तर, यो इस्यु उठाएर अलपत्र छोड्छ भने देशलाई नै घाटा हुन्छ । किनभने क्रसर क्षेत्र समग्र विकास निर्माणका लागि कच्चा पदार्थ तयार गर्ने क्षेत्र हो । सरकारको यो कदमले समग्र विकास निर्माणको कार्य नै प्रभावित हुन्छ ।'
सर्वोच्चको आदेश र मापदण्ड नमान्ने क्रसर खारेज गर्न सर्वेच्चको अदालतले ९ चैत ०७७ मै मापदण्डविपरीत सञ्चालित बालुवा प्रशोधन तथा क्रसर उद्योग बन्द गर्न आदेश दिएको थियो ।

सरकारले कार्यान्वयन नगरेपछि सर्वोच्चले यसबारे पटक-पटक ताकेता पनि गर्दै आएको छ । गत ९ साउनमा मात्रै सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले पछिल्लोपटक सरकारलाई यसबारे ताकेता गरेको थियो । जसमा भनिएको छ, ' निर्देशनात्मक आदेशबमोजिमको कार्य गरी-गराई सोको जानकारी यस निर्देशनालयमा पठाइदिनुहुन निर्देशानुसार अनुरोध छ ।'
राजेन्द्र चित्रकारले दायर गरेको रिटमा सर्वोच्च अदालतले नौवटा निर्देशनात्मक आदेश दिएको थियो । त्यसको बुँदा नम्बर 'घ' मा भनिएको छ, 'के-कति संख्यामा बालुवा प्रशोधन र क्रसरका उद्योगहरू सञ्चालनमा रहेका छन् ? तीमध्ये कुन-कुन कति

उद्योगहरू वैध र अवैध रूपमा सञ्चालित भएका छन् ? हरेक उद्योगको अभिलेख तयार गरी वैध उद्योगहरू कुनै मापदण्ड पुरा नगरी, कुनै उद्योगहरू दर्ता नै नगरी अवैध रूपमा सञ्चालित भइरहेका छन् भने दर्ता नै नगरी अवैध रूपमा सञ्चालित बालुवा प्रशोधन र क्रसर उद्योगलाई कानुनको प्रक्रिया अपनाएर बन्द नै गर्न लगाउने र मापदण्ड पुरा नगरी अवैध रूपमा सञ्चालनमा रहेका त्यस्ता उद्योगलाई एकपटक निश्चित समयावधि प्रदान गरेर त्यसभित्र मापदण्ड पुरा गर्न लगाउने र सोको पनि अवज्ञा गर्ने उद्योगलाई दर्ता नै खारेज गर्ने प्रक्रिया अपनाउनुपर्छ । कुनै पनि व्यवसायीको एक्स्काभेटर, ट्र्याक्टर, जेसिभी र टिपरलाई नदीजन्य सामग्रीको गैरकानुनी उत्खनन र ओसारपसार गर्ने कार्यका लागि खानी र नदीमा प्रवेश गर्न नै नदिने गरी अनिवार्यतः नियन्त्रण गर्नपर्छ ।'

**जिसस, सिडिओ र प्रहरीको दोहोरो चरित्र** :

क्रसरका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी र प्रहरीकै दोहोरो चरित्र देखिँदै आएको छ । सरकारले कडाइ गर्न भनेपछि रोक्ने, अन्य अवस्थामा भने नियमविपरीत सञ्चालन हुँदा पनि आँखा चिम्लने गरेका छन् । हाल देशभरि मापदण्डविपरीत क्रसर सञ्चालन हुँदै आएको विषयमा सिडिओ, जिससका पदाधिकारी र प्रहरी जानकार थिए । तर, बन्द गराउन पहल थोरैले मात्र गरे । धेरै जिल्लामा मिलेमतोमै सञ्चालन हुँदै आएको थियो । गृह मन्त्रालयले जसरी पनि बन्द गराउन परिपत्र गरेपछि अहिले उनीहरूले बन्द गराएका छन् । 'अवैध काम रोक्न सिडिओले यसरी आदेश कुर्नपर्ने होइन,' गृह मन्त्रालयका एक अधिकारीले भने, 'मिलेमतो नभएको भए अहिले बन्द गराउन गाह्रो हुने थिएन, कहिले कतिपय सिडिओले बन्द गराउन समस्या देखाउने गरेका छन् ।' संघीयता कार्यान्वयनपछि क्रसर अनुगमन समितिको प्रमुख जिल्ला समन्वय समितिका अध्यक्ष हुने व्यवस्था छ । आफुहरूको अधिकार कटौती भएको भन्दै कतिपय सिडिओहरू पन्छिने गरेका छन् ।

**के छ क्रसर सञ्चालनको मापदण्ड अवधारणा ?**

क्रसर सम्बन्धी मापदण्ड पटक-पटक संशोधन भए पनि यसको कार्यान्वियन हुन सकेको छैन । सरकारले ०७७ मा यो क्षेत्रलाई व्यवस्थित गर्न भन्दै 'ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड' ल्यायो । त्यो व्यावहारिक नभएको भन्दै व्यवसायीको दबाबमा असारमा संशोधन गऱ्यो । त्यो पनि कार्यान्वियन गर्न सकिएको छैन । यसका लागि तराई र पहाडमा फरक-फरक मापदण्ड छन् । खानी तथा क्रसर सञ्चालन गर्दा तराईमा राजमार्ग, पुल, खोला वा नदी किनारबाट पाँच सय मिटर र पहाडमा राजमार्ग र खोलाको दुई सय मिटर तथा पुलको हकमा पाँच सय मिटरको दुरीमा हुनुपर्ने प्रावधान छ । त्यस्तै, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थानबाट तथा सुरक्षा निकायबाट तराईको हकमा एक किलोमिटर र पहाडमा पाँच सय मिटर टाढाको मापदण्ड छ । निकुञ्ज र आरक्षबाट दुई किलोमिटर, बस्तीको हकमा पहाडमा पाँच सय मिटर र तराईमा एक किलोमिटरको प्रावधान छ । त्यस्तै, सिमसारबाट एक किलोमिटर, चुरे पहाडबाट डेढ किलोमिटर दुरीमा मात्र सञ्चालन गर्न पाइन्छ । तर, खानीभित्र सञ्चालित क्रसरको हकमा यी नियम लागु नहुने भनेर गत असारमा संशोधन गरिएको छ । यद्यपि, अवैध रहेको अवस्था रोक्ने अधिकार भने उनीहरूलाई सरकारले दिएको छ ।

**दबाब सिंहदरबारले थेग्न सक्ला ?**

अवैध तथा मापदण्डविपरीतका क्रसर तथा खानी बन्द गर्न पहल भएको यो पहिलोपटक होइन । गृह मन्त्रालयले नै पटक-पटक त्यस्तो निर्देशन दिए पनि केही समय कार्यान्वयन हुने र पुनः सञ्चालनमा आइहाल्थे । क्रसर सञ्चालकको राजनीतिक र प्रशासनिक पहुँच यति शक्तिशाली छ कि हरेकपटक उनीहरूसँग सिंहदरबार झुक्दै आएको छ । पछिल्लोपटक रामबहादुर थापा गृहमन्त्री हुँदा पनि केही समय अवैध क्रसर बन्द गराएका थिए । तर, केही दिनमै सरकार पछि हटेको थियो । अहिले पनि त्यस्तै हुने त होइन भन्ने आशंका गरिएको छ । सबैजसो दलमा क्रसर सञ्चालकको दबदबा छ । कतिसम्म भने कतिपय व्यवसायीले त आफ्नो जिल्लामा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सरुवासमेत गराउँदै आएका छन् । यसपटक पनि क्रसर सञ्चालकले गृहको निर्देशन असफल गराउन चलखेल थालिसकेका छन् । नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले संघर्ष गर्ने चेतावनी दिइसकेको छ ।

**'कानुनभन्दा बलिया' व्यवसायीले सिडिओ नै सरुवा गराउँछन्** :

अधिकांश जिल्लाको सिडिओ सरुवामा क्रसर व्यवसायीको प्रमुख

चासो हुने गरेको छ । उनीहरू कति जब्बर छन् भने क्रसर व्यवसायीसँग टक्कर लिने सिडिओलाई सरुवा नै गराइदिएका उदाहरण छन् । धेरै जिल्लामा व्यवसायीकै अनुकुल कर्मचारी सिडिओमा गएका पनि छन् । अवैध क्रसर उद्योगमाथि कारबाही गर्न लागेपछि दुई वर्षअघि तनहुँका सिडिओ बद्रीनाथ अधिकारीलाई व्यवसायीकै दबाबमा चार महिनामै सरुवा गरिएको थियो । कारबाहीका लागि स्थलगत अनुगमन गरेलगत्तै उनको सरुवा भएको थियो । तीन वर्षअघि लमजुङका तत्कालीन सिडिओ डा. डिजन भट्टराईलाई पनि क्रसर व्यवसायीले नै सरुवा गराएका थिए । उनले २८ कात्तिक ०७६ मा बेँसीसहरस्थित ७० मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाको जलाशय किनारमै सञ्चालित लमजुङ क्रसर एन्ड कन्स्ट्रक्सन र नजिकको त्रिवेणी रोडा-ढुंगा एन्ड ब्लक उद्योग बन्द गराएका थिए । लगत्तै उनको सरुवा गरियो ।

नवलपरासीका क्रसर व्यवसायीले त राजनीतिक शक्तिका आडमा एलडिओ युवराज कट्टेलको सरुवा नै गराएको इतिहास छ । दुई वर्षअघि नुवाकोटका सिडिओ झंकनाथ ढकाललाई विदुर नगरपालिकाका तत्कालीन मेयर सञ्जु पण्डितले सार्वजनिक कार्यक्रममै सरुवा गर्ने चेतावनी दिए । उनी आफैं पनि क्रसर व्यवसायी हुन् । सिडिओ ढकालले त्यतिखेर अवैध क्रसर बन्द गराएका थिए । पण्डितले 'पहिला पनि यस्तै रवाफ देखाएका सिडिओलाई आफुले सरुवा गरिदिएको' भन्दै ढकाललाई पनि सरुवा गर्ने धम्की दिएका थिए । सरुवा गर्ने प्रयास पनि गरे । सिडिओ मात्र होइन, कतिपय जिल्लामा प्रहरी सरुवामा समेत क्रसर व्यवसायी नै हाबी हुने गरेका छन् । जसका कारण क्रससरसम्बन्धी मापदण्ड पालना प्रभावकारी हुन नसकेको गृहका एक अधिकारीले बताए । 'अब सिडिओ सरुवा गर्ने भएको छ,' उनले भने, 'सिफारिसका आधारमा भन्दा कार्यक्षमताका आधारमा सरुवा भयो भने उनीहरूले जिल्लामा कानुन कार्यान्वयन गर्न सक्छन् ।'

**"क्रसर उद्योगमा डनगिरी संरक्षण गर्ने सरकार नै हो !**

सरकारले २०७७ साउन ५ गते जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डअनुसार घना बस्ती र वन क्षेत्रको २ किलोमिटर भित्र क्रसर उद्योग खोल्न पाइँदैन । राजमार्गको ५ सय मिटर दुरीको नदी, सडक, पुल तथा झोलुंगे पुलको १ किलोमिटर तल, ५ सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पनि नपाइने व्यवस्था छ ।त्यसैले देशभर सञ्चालित अधिकांश क्रसर उद्योग अवैध हुन् । तत्कालीन अवस्थामा मापदण्ड पुरा गरेर सञ्चालनमा आएका उद्योगहरुमा पनि सरकारको ताला लगाएको भन्दै व्यवसायीले नै विरोध गरेका छन् । गण्डकी क्रसर उद्योग व्यवसायी संघले सरकारले नै क्रसर उद्योगमा डनगिरीको संरक्षण गरेको बताएको छ ।

## अपराध कर्ममा क्रसर उद्योग

मिथिला नगरपालिका-५ श्रीपुरका २४ वर्षीय दिलिपकुमार महतोलाई शुक्रबार, २५ पुस, २०७६ हत्या गरिएको थियो । इलाका प्रहरी कार्यालय ढल्केबरका अनुसार सोही दिन विहान मर्निङवाकमा निस्केका महतोलाई करिब चार बजे ना ७ ख ६४१३ नम्बरको टिपरले किचेर हत्या गरेको थियो । दिलिपले उनको घर नजिकैको औरही खोलामा अवैध रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खननको विरोध गर्दै आएका थिए । यो समाचार निकै पेचिलो बनेको थियो । इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक रामकुमार यादवले घटनाको प्रकृति र स्थानीयको भनाई अनुसार टिपर चाकले यादवलाई जबरजस्ती समाई किचेर मारेको बताएका छन् । यादव टिपर र चालकलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको बताउँछन् ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक यादवका अनुसार औरही खोलामा मृत अवस्थामा भेटिएका दिलिपकुमार महतोको टाउको फुटेको थियो । उनले हिमालसँग कुरा गर्दै टिपरको टायरको पछाडिको भागमा रगतका टाटा भेटिएकाले महतोलाई किचेरै मारेको पुष्टि भएको बताएका थिए । यो एक प्रतिनिधि घटना मात्र हो । यस्ता अन्य धेरै घट्ना हाम्रो समाजमा दैनिक जसो घट्ने गर्छ ।

इन्द्रावती र सुनकोशी नदीबाट दैनिक गिट्टी, बालुवा बोक्ने ट्रक चालकहरुका अनुसार उनीहरुले प्रति ट्रिप ३०००- ४००० रुपैंया तिर्ने गरेका छन् । त्यो निकासी कर गिट्टी बालुवाको परिमाण अनुसार भने नहुने उनीहरु बताउँछन् । ती निर्माण सामग्रीको बजार भाउ भने कयौं गुना बढी, प्रति ट्रिप २०,००० - २८,००० रुपैंया सम्म हुने गरेको पाइएको छ ।

"यी क्रसर उद्योगले बालुवा र ढुङ्गा ढुवानी गर्दा प्रति ट्रिपका लागि थोरै मात्र निकासी कर तिर्नंपर्ने भएकाले, प्रति ट्रकमा २०,०००

रुपैंया जतिको नाफा कमाउछन्," काठमाडौंका निर्माण व्यवसायी जगेश्वर यादवले भने । यस्तो राजस्व चुहावटलाई सम्बोधन गर्नका निम्ति महालेखा नियन्त्रक कार्यालयले अहिले स्थानीय तहमै प्राकृतिक स्रोतसाधनहरूबाट संकलन गरेको राजस्व अनुगमन गर्ने संयन्त्र निर्माण गर्ने काम गरिरहेको छ । मगर लगायतका अधिकारीहरू भने त्यस्तो प्रणाली लागु हुने समय आउन्जेलसम्म खोलानालाको दोहन निरन्तर जारी रहने बताउछन् । निर्माण व्यवसायमै लागेका व्यक्तिहरू अहिले स्थानीय र प्रदेश सरकारमा पनि निर्वाचित भएकाले नाफामुलक खोलाजन्य उत्खननको व्यवसायलाई नियमन गर्ने निकायहरूलाई झन् चुनौती थपिएको छ । राम्रो नियमनको प्रयास गर्ने मुट्ठीभर अधिकारीहरूले पनि देशको शक्ति संयन्त्रमा निर्माण व्यवसायको बढ्दो प्रभावका कारण थुप्रै चुनौतीको सामना गर्नपरेको विज्ञहरू बताउँछन् । केवल आफ्नो काम नै गरेका कारणले सरकारी कर्मचारीहरुले सजाय भोग्नुपरेको पनि थुप्रै घटनाहरू छन् ।

२०७३ मङ्सिरमा खोलाजन्य सामाग्रीको अवैध उत्खनन गर्ने एक स्थानीय क्रसर सञ्चालकलाई जरिवाना तिराएको कारणले नै स्थानीय बिकास अधिकारी जिवलाल भुषालको नुवाकोट देखि सरुवा भएको थियो । उनको त्यहाँ नियुक्ति भएको भर्खर एक महिना मात्र भएको थियो । यो एक ज्वालनत्त उदाहरण रुपमा लिन सकिन्छ । वातावरणलाई सफा, स्वच्छ, हरावरा बनाउँन हामी सबै लागौं ।

## गोकर्णेश्वर नगरपालिकाको अनुरोध

» बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।

**दिपक कुमार रिसाल** नगर प्रमुख
**सान्नानी लामा** नगर उप-प्रमुख
**बैकुण्ठ प्रसाद सापकोटा** प्रमुख प्रशासकयि अधिकृत

## गोकर्णेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

## कागेश्वरी मनोहरा नगरपालिकाको अनुरोध

» बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।

**उपेन्द्र कार्की** नगर प्रमुख
**शान्ता थापा** नगर उप-प्रमुख
**अजय बर्तौला** प्रमुख प्रशासकयि अधिकृत

## कागेश्वरी मनोहरा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

# स्थानीय तहका अधिकार र अभ्यास



- सरोज ओभा

नेपालको संविधान २०७२को धारा ५६ अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालले मूल संरचना सघं प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ र नेपालको राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने भन्ने छ । नेपालको संविधान २०७२ अनुसार स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहेका छन् । गाउँपालिका एक भौगोलिक तथा शासकीय तह र नगरपालिका एक भौगोलिक तथा प्रशासनिक एकाई हो भने जिल्ला सभा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको समन्वय गर्ने ईकाई हो । विगतमा जिल्ला विकास समितिले गर्दै आएको कार्यकारिणी कार्यहरू स्थानीय तहले गर्ने तथा जिल्ला समन्वय समितिले समन्वय र अनुगमन मात्र गर्ने प्रावधान लागु गरिएको छ ।

नेपालमा वि.सं.२०७३ सालमा ७४४ स्थानीय तह लागू भएका थिए भने २०७४ साउन २८ गते स्थानीय तहको सङ्ख्या ७४४ बाट बढाएर ७५३ कायम गरिएको छ । जसमा ६ महानगर, ११ उपमहानगर, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । त्यसो त संघिय नेपालको संविधानले स्थानीय तहहरुलाई अधिकार सम्पन्न तुल्याउदै नागरिकलाई स्थानीय सरकारको अनुभूति दिलाउने परिकल्पना गरेको छ । संविधानले परिकल्पना गरे अनुरुप देश संघियतामा गईसकेपछि घर घरमा सिंहदरबार भन्ने नारा ज्यादै चर्चामा रहदै आएको छ । जसको अर्थ सिंहदरबारको अधिकार घरदैलोमा भन्ने हो । मुलत जनताका काम छिटो छरितो र सहजताका साथ सम्पन्न तुल्याउदै सुशासन र विकासको अनुभुती दिलाउने अभिप्राय यो नाराले बोकेको छ । जसमा नागरिकले पहिलेकै जस्तो सास्ती खेप्नु नपरोस् भन्ने भाव अर्न्तध्वनित छ ।

स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र न्याय सम्पादनको भूमिका,नगर प्रहरी र गाउँ प्रहरी, सहकारी संस्था,एफएम रेडियो सञ्चालन, स्थानीय सेवाको व्यवस्थापन,राजस्व सङ्कलन,स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत स्वास्थ्य र सरसफाई, आधारभूत तथा माध्यमिक शिक्षा, सडक, कृषि र सिँचाई, स्थानीय बजार व्यस्थापन वातावरण संरक्षण र जैविक विविधता, घर जग्गा धनी पुर्जा वितरण, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, कृषि तथा पशुपालन, खानेपानी तथा साना जलविद्युत् आयोजना र वैकल्पिक उर्जा, बेरोजगारको तथ्याङ्क सङ्कलन, भाषा, संस्कृति र ललितकलाको संरक्षण, जलाधार तथा वन्यजन्तु र खानी तथा खनीज पदार्थको संरक्षण, विपद् व्यवस्थापनका विषय रहेका छन् ।

### स्थानीय तहको काम, कर्तव्य र अधिकार (सारमा)

» स्थानीय तह कार्यान्वयनसँगै सामान्य खालका अर्थात जग्गा जमिन, अंशबण्डा विवाद जस्ता मुद्दाको टुंगो लगाउनेतहमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने कार्य

» पारस्परिक सहयोग र सहकारीताको लागि सञ्चालन गरिने सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन

» स्थानीय तहमा एफ एम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन, वित्तीय स्रोतको अधीनमा रही आवश्यकताअनुसार स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र कृषि विकास लगायतका काम

» आफ्नो क्षेत्र भित्रको सम्पति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, दण्ड, जरिवाना लगायतका राजस्व सङ्कलनको अधिकार

» योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पंजीकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्किय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य, समता र सामाजिक न्यायमा आधारित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण,

सामाजीक परिचालन

- » आदिबासी, जनजाति, दलित, सीमान्तकृत, उत्पीडित वर्ग एवं समुदायको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना वनाउने कार्य
- » स्वास्थ्यसेवा सञ्चालन र प्रवर्द्धन, अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसञ्चार सेवा, स्थानीय तथा सहरी स्वास्थ्यसेवा सञ्चालन, तथा व्यवस्थापन, प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक एवं निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्नेदेखिका कार्यभार
- » स्थानीय, ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाईसम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने । सडक, कृषि, सिँचाई, तटबन्ध, भनेलुङ्गे पुल, पुलेसालगायतको निर्माण र प्रवर्द्धनबारे गुरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मतसम्भार र नियमन । स्थानीय तहमा ट्रलीबस सञ्चलन, राष्ट्रिय रेल पूर्वाधार उपयोग गरी महानगरिय मेट्रोसिटी क्षेत्रभित्र सहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्यका काम
- » स्थानीय वातावारणीय नीतिनियम सम्बन्धि संयन्त्रको सवलिकरण र संस्थागत क्षमता विकास गर्ने जनस्तरमा वातावरणीय सचेतना जगाउने, प्रदुषण रोकथाम, प्राकृतिक सम्पति तथा जैविक विविधताको संरक्षण
- » स्थानीय व्यापार, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हितसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गर्ने कार्यहरू, स्थानीय स्तरको व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण र खारेजी तथा नियमन
- » -आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसंग सम्वन्धित स्रेस्ता, नक्सा लगायतका सम्पूण सुचनाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल र सहज सेवा प्रवाह गर्ने, प्रादेशिक मापदण्ड बमोजिम स्थानीय घर-जग्गा धनी पुर्जा वितरण, लगत व्यवस्थापन, भुमिको वर्गिकरण अनुसारको लगत, जग्गाको विवादको समाधानको काम
- » आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम समाजिक सुरक्षाको हकको व्यवस्था
- » कृषि सम्बन्धि नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार, स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत आयोजना र स्थानीय विद्युत वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन, नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापनलगायतका कामहरू
- » रोजगार र बेरोजगारको तथ्याँक सङ्कलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार
- » भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड निर्माण र योजना कार्यान्वयन र नियमन
- » पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालयको संरक्षण, जलाधार तथा वन्यजन्तु सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन
- » पानीका मुहान संरक्षण, भूसंरक्षण, अनुकूलन खानी तथा खनिजको संरक्षण सम्बन्धी कामहरू
- » विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन । स्थानीय स्तरमा विपद् पूर्वतयारी खोज तथा उद्धार, राहत सामग्रीको पुर्ण भण्डारण र वितरणमा समन्वय गर्ने ।
- » यसरी नेपालको संविधान एवम् कानुनले स्थानीय तहहरुलाई स्थानीय सरकारका रुपमा अधिकार सम्पन्न तुल्याएको छ । यद्यपि अभ्यासगत रुपमा हेर्ने हो भने स्थानीय तहहरु अधिकार पाएर पनि त्यति सम्पन्न भैसकेको स्थिती छैन । मुख्यतः सिमित स्रोत साधनका कारण स्थानीय तहहरुले जनताको चाहना एवम् राजनीतिक दल र जनप्रतिनिधिकै प्रतिबद्धता अनुरुप काम गर्न नसकिरहेको स्थिती एकातिर छ भने अर्कोतर्फ राजनीतिक प्रभाव र दबाब, प्रशासनिक झन्झट, कानुनी उल्झन, जनप्रतिनिधि बिचकै आपसी बेमेल साथै भ्रष्टाचारका कारण जन अपेक्षा अनुरुप काम हुन नसकिरहेको देखिन्छ । जुन अधिकांश स्थानीय तहहरुमा समस्याकै रुपमा रहेका छन् ।

स्रोतको सवालमा कुरा गर्नुपर्दा खासमा आम्दानी कम हुने र काम धेरै गर्नुपर्ने अवस्थाले गर्दा पनि स्थानीय तहहरुले जुन गतिमा काम गर्नुपर्ने हो, त्यति मात्रामा 'डेलिभरी' दिन नसकेको देखिन्छ । आन्तरिक आम्दानीको स्रोत कम हुँदा विकास निर्माण तथा

दैन्दनिक प्रशासनिक काम समेत प्रभावित बन्दै आएको देखिन्छ । मर्मत सम्भार एवम् पूनर्निर्माण तथा आन्तरिक जनशक्ति पदपुर्तीसँगै अधिकांश स्थानीय तहहरुले नयाँ विकास परियोजना तर्जुमा र बिषयगत प्राविधिक एवम् विज्ञ तथा आवश्यक कर्मचारीहरुको प्रबन्ध गर्न नसकिरहेको अवस्था छ । जसका कारण नागरिकले आशा गरे अनुरुप कामकार्वाही हुन सकेको देखिदैन । विशेषगरि हिमाली तथा पहाडी क्षेत्रहरुमा खानेपानी तथा सडकका लागि अधिकांश बजेट छुट्याउनु पर्ने अवस्था छ । बाढि, पहिरो आदी प्रकोपका कारण हुने क्षतिले गर्दा सिमित बजेटका कारण अन्य कामहरु प्रभावित बन्दै आएको देखिन्छ । जसले गर्दा अन्य योजना ल्याएर कार्यन्वयनमा लग्न निकै कठिनाईहरु छन् ।

अर्कोतर्फ स्वास्थ्य सेवाको अभाव, विद्युत एवम् खानेपानीको समस्या, बाटोघाटो, पुल पुलेसा, सिंचाई, इन्टरनेट तथा अन्य संचार सुविधा समेतमा समस्या रहेकाले ग्रामीण क्षेत्र छाडने वा शहरी क्षेत्रमा बसाईसराई गरि जाने समस्या उस्तै विकराल छ । युवाहरु कमाउनका लागि विदेश वा देशभित्रै अन्यत्र जाने र बालबच्चालाई शिक्षादिक्षाका लागि अन्य अभिभावकसहित शहर पठाउने क्रमले पनि बढोत्तरी पाउदै आएको छ । फलत गाउँ-घहरु रित्तो र खेतबारीहरु बाँजो रहने स्थिती छ । जसको प्रत्यक्ष असर स्थानीय स्तरमा देखिन थालेको छ भने दुर दराजमा रहेका स्थानीय तहमा चुनौती थपेको छ ।

स्थानीय तहले स्थानीय करका रुपमा व्यवसाय कर देखी घर भाडा कर, घर जग्गा कर, नक्सा पास, आदी करहरु उठाउने गर्दछ । स्थानीय तहको स्रोत नै जनताले तिर्ने कर हो । सेवा लिए बापत जनताले तिरेको करको सहि सदुपयोग सबै तहमा भएको छैन् । विलासी गाडि खरिद देखी नगर वा गाउँपालिकालाई भर्ती केन्द्र बनाएर निजी स्वार्थका लागि जप्रतिनिधिले पदिय दुरुपयोग गरेका घटना पनि बग्रेल्ती नै छन् । स्रोतः अभावमा करको दायरा बढाउने नाममा कतिपय स्थानीय तहहरु आलोचित समेत हुँदै आएका छन् । स्थानीय तहहरु संस्थागत हुने सुरुवाती चरणबाटै जनशक्ति अभाव भोल्नु पर्दा समग्र कार्य सम्पादनमा निकै ठूलो असर गऱ्यो । अभै पनि कतिपय स्थानीय तहमा आवश्यक कर्मचारी नहुँदा सेवाग्राहीलाई भनेको समयमै पञ्जीकरण, सिफारिशलगायत सुविधा लिन समेत समस्या हुँदै आएको पनि छ । त्यसो त कहिकतै उद्घाटन, कार्यक्रम र तालिमका नाममा जनप्रतिनिधिहरु कार्यालय छाडेर हिडिरहदा सेवाग्राहीले सिफारिस लिन हप्तौं धाउनुपर्ने अवस्था पनि छ । शहरी क्षेत्रमा फोहर मैला व्यवस्थापन, अव्यवस्थित बसोबास, खानेपानी, सवारी पार्किङ, सम्पदा संरक्षण, खुला क्षेत्र तथा पार्क, ढल निकास, सरुवा रोगको प्रकोप, शहरी गरिवि, आदी प्रमुख समस्याहरु समाधान गर्नुपर्ने दायित्वलाई बेलैमा पुरा गर्न पालिकाहरु पूर्ण रुपमा सक्षम भैनसकेको अवस्था देखिदै आएको छ । यसो हुनुमा बजेट अभाव, राजनीतिक नेतृत्वको कमजोरी, जनशक्ति अभाव आदी प्रमुख कारकका रुपमा रहदै आएको छ ।

त्यसो त बजार अनुगमनको कार्यमा प्राय स्थानिय तहहरु उदासिन रहदै आएको, माध्यामिक विद्यालयहरुको नियमन तथा व्यवस्थापन चुस्त पार्न नसकिरहेको देखिदै आएको पनि छ । समग्रमा उत्पादन र रोजगारीको क्षेत्र अस्थिर छन् । चाहे तराई होस्, चाहे हिमाल वा पहाड कोभिड पस्चात पर्यटन विकासले त्यति गति लिन सकेको छैन् भने घरेलु तथा साना उद्योग, कलकारखाना, व्यापारमा सुधार आउन नसक्दा ग्रामिण र शहरी अर्थतन्त्र दुवै प्रभावित छन् । राष्ट्रिय आयोजना तथा विदेशी लगानीका ठुला आयोजना क्षेत्रमा समेत नियमित काम हुन सकेको छैन् भने रोजगारीका नविन अवसर सिर्जना हुन नसकिरहेको अवस्थाले गर्दा जनशक्तीको शिप त्यसै खेर गईरहेको छ । अर्कोतर्फ श्रममा मुल्य, सम्मान र सुरक्षाको प्रत्याभुती नहुँदा विदेशप्रतिको आकर्षण बढदो छ । संघियता पस्चात देशमा आमुल परिवर्तनसँगै भने जस्तो रोजगारी प्राप्त हुने सपना साचेका युवाहरु विदेश भासिन वाध्य बनेका छन् । फलत देशको उत्पादनशिल क्षेत्रहरु शिथिल जस्तै बनेका छन् ।

शिपमुलक तालिमको व्यवस्था र उद्यमशिलता विकासको क्षेत्रमा पनि स्थानीय तहहरुले काम गर्दै आएको पाईन्छ । यद्यपि श्रम र शिपको सदुपयोग हुने गरी न त स्थानीयले रोजगार नै पाएका छन् न त व्यवसायिक विकास भएको देखिन्छ । अधिकार सम्पन्न स्थानिय तहले स्थानिय स्तरमा विकासको बागडोर सम्हाल्दै गर्दा जनअपेक्षा धेरै छन् । यद्यपि देशले खेप्दै आएको आर्थिक संकटमाभ्र शहरी र ग्रामिण अर्थतन्त्र दुवै प्रभावित बनेसँगै स्थानीय तहहरुको प्रगतीमा शिथिलता छाएको छ । यि बाहेक अन्य समस्याहरुमा राष्ट्रिय आयोजनाका कारण पनि कामहरु बेलैमा सम्पन्न गर्न वा जनताका समस्या सुनुवाई गर्न सक्ने सामर्थ्य स्थानीय तहसँग छैन् । कुनै स्थानीय तहहरुले नमुना काम पनि गरेका छन् । अनलाइनमार्फत छिटो छरितो सेवा, निशुल्क स्वास्थ्य उपचार,

भत्ता तथा प्रोहत्सानको व्यवस्था, प्रशासनिक काममा सहजता, निशुल्क बिउ बिजन वितरण, राहत वितरण जस्ता जनमुखी काम देखी कानुन निर्माण सम्मका कामहरु भएका पनि छन् । कतिपय सवाल सहि र गलत योजना छनौटसँग सम्बन्धित रहन्छन् । स्थानीय प्राकृतिक स्रोत साधनको बेचविखन तथा ठेक्कापट्टामा लापर्वाही जस्ता बिषय अधिकांश स्थानीय तहसँग जोडिएर तारन्तार समाचारका रुपमा आउने गरेको देखिन्छ । जसले दिगो विकास र संरक्षणको सवालमा प्रश्न खडा गर्दै आएको छ । संघियतापछि स्थानीय तहको अभ्यासको छोटो समयमा यस्ता अनेकौ समस्याहरु देखिएका छन् । व्यवस्थाको कमजोरी भन्दा पनि देशको अवस्थाका कारण यो स्थिती रहेकाले समस्याहरुको समाधान क्रमिक रुपमा हुँदै जाने विश्वास लिन सकिन्छ ।

# काठमाडौंका मेयर बालेन्द्र शाहका किन विवादमा पर्छन् ?

काठमाडौंका महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले खासगरी सामाजिक सञ्जालमा गर्ने कतिपय टिप्पणी विवादमा पर्ने गरेका छन्। पछिल्लो पटक राजनीतिक दलका नेताहरूप्रति उनले गरेको एउटा टिप्पणीबारे विभिन्न चर्चापरिचर्चा भइरहेको छ । मङ्गलवार गरेको एउटा फेसबुक पोस्टमा मेयर शाहले नेताहरूलाई "चोर" को सङ्ज्ञा दिएका छन् । "नयाँ, पुराना सबै नेता चोर हुन् । कसैलाई पनि देशको माया छैन," उनले लेखेका छन् । यसअघि पनि कैयौं पटक 'विवादास्पद टिप्पणी गरेको' भन्दै उनको आलोचना भएको थियो। गत पुस ९ गते मेयर शाहले नवनिर्वाचित सांसदहरूलाई "नयाँ गफाडी" भएको आरोप लगाएका थिए। "नयाँ सांसदहरू, नयाँ गफाडीहरू । उही पुरानो देश। उही पुराना व्यापारीहरू," उनले ट्वीट गरेका थिए। बालेनले दिए सिंहदरबारबाट फोहोर नउठाउने निर्णयका १४ कारण सिंहदरबारबारे किन गरे बालेनले गुनासो, मन्त्री फेरिँदा कहाँकहाँ पर्छ प्रभाव चैत २५ गते देशको प्रमुख प्रशासनिक केन्द्रको फोहोर नउठाइने घोषणा गर्दै शाहले नेताहरूलाई सिसडोलमा राख्नुपर्ने टिप्पणी गरे ।

"आजबाट सिंहदरबारको फोहोर उठ्दैन। साँच्चिकै देश सफा गर्नु परे त्यहाँका नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्ने हुन्छ ।" त्यसको पाँच दिनपछि उनले सिंहदबारसँगै सम्बन्धित अर्को टिप्पणी गरे। "कि काठमाडौंको हितमा काम गर्नुहोस् कि सिंहदर बार अरू पालिकामा सार्नुहोस् । हामी काठमाण्डूवासीलाई कुनै आपत्ति छैन, चाहे सिंहदरबार सार्नूस् कि राजधानी सार्नूस् । हामीलाई हाम्रो सम्पदा, संस्कृति, कला, सभ्यता चाहिन्छ । राजनीति होइन ।" गत निर्वाचनमा प्रदेशसभातर्फ भोट नदिएका मेयर शाहको कदमबारे पनि विभिन्न टीकाटिप्पणी भएका थिए । अहिलेको प्रादेशिक संरचनाप्रति नै विमित रहेको रूपमा उनको कदमलाई एकथरीले अर्थ्याएका थिए।

## सामाजिक सञ्जालमा कस्ता प्रतिक्रिया ?

मेयर शाहको पछिल्लो टिप्पणीलाई सामाजिक सञ्जालका प्रयोगकर्ताले विभिन्न रूपमा अर्थ्याइरहेका रहेछन् । पत्रकार गोपाल खनालले हामी कता जाँदैछौँ भनी प्रश्न गरेका छन् ।

"कांग्रेस महाधिवेशनमा हो क्यार, राजेन्द्र लिङदेनले भनेका थिए: नेता आयो भने गाउँघरतिर चोर आयो भन्छन् पछि राप्रपा राष्ट्रिय पार्टी बन्यो, सिट, मत बढ्यो। अहिले बालेन भन्दैछन्: नयाँ, पुराना सबै नेता चोर हुन। र, बालेनको 'हाई-हाई' नै छ । के भन्ने यस्तै हो त? कता पो जाँदैछौं ।

## राजनीतिशास्त्री के भन्छन् ?

मेयर शाहले आफूले सोचे जस्तो काम गर्न नपाएर पनि बेलाबखत त्यस्ता टिप्पणी गरेको हुनसक्ने कतिपय विश्लेषक बताउँछन् । त्यस्तैमध्ये एक राजनीतिशास्त्री कृष्ण पोखरेल भन्छन्, "उनबाट मतदाताको अपेक्षा उच्च छ । त्यस्तो अवस्थामा अपेक्षाअनुरूप काम गर्न नसक्दा निराशाका अभिव्यक्तिको रूपमा पनि उनले त्यसरी बोलेको हुनसक्छ ।"

"फेरि हाम्रा राजनीतिक नेता पनि त्यस्तै छन्। भन्छन् एउटा तर गर्छन् अर्को," नेताहरूको प्रवृत्तिबारे उनले थपे । स्वतन्त्र उम्मेदवारका रूपमा जित्दा आफ्नो टिम नहुने भएकोले काममा मेयर शाहलाई असहयोग भएको हुनसक्ने राजनीतिशास्त्री पोखरेलको ठम्याइ छ ।

तर 'हल्का टिप्पणी' गर्दा बालेन शाहलाई नै घाटा पुग्नेतर्फ पोखरेल सचेत गराउँछन् । "एउटै कुरालाई भाँती पुऱ्याएर बोल्दा र ठाडै बोल्दा फरक पर्छ। हल्का खालको टिप्पणी गर्दै गए उनको आफ्नै लोकप्रियतामा क्षयीकरण हुन्छ ।"

# लम्पी स्किन रोगका कारण नेपाली किसान ठूलो मारमा



**प्रल्हाद दाहाल**
अध्यक्ष
**नेपाल डेरी एसोसिएसन**

काठमाडौं । नेपालमा गाईभैंसीमा फैलिएको लम्पी स्किन रोगको कारण ५० हजार पशु मरिसकेका, ११ लाख अहिले पनि संक्रमित रहेका, यो रोगका कारण अहिलेसम्म २ अर्बभन्दा बढी नोक्सानी भएको छ भने हाल रोग लागेर निको भएका पशुको संख्या ८ लाख पुगेको छ । हालसम्म यो रोगका कारण यति ठूलो क्षति भइसको छ । देशका ७७ जिल्लामा फैलिसकेको यो रोगको नियन्त्रण तथा रोकथामका लागि तत्काल कदम चाल्न नेपाल पशु चिकित्सा परिषद्ले सम्बन्धित निकायहरूलाई सुझाव दिएता पनि कार्यनयन भने भएको छैन । समयमै उपचार, नियन्त्रण तथा रोकथाम गर्न नसकेको अवस्थामा अझ धैरै पशुमा सङ्क्रमण फैलिने र ठूलो मात्रामा आर्थिक क्षति हुने देखिन्छ । अब अहिले विभिन्न कारणले दुध बढी भएको देखिए पनि यो रोग नियन्त्रण भएपछि पुनः दूध नपुग्ने प्रष्ट छ । ठूलो मात्रामा पशु परेका र रोग लागेर बाँचेका पनि कमजोर हुने हुँदा अर्को बेतमा नब्याउने र ब्याए पनि पहिला जति दूध नआउने कारण अर्को साल ठूलो संकट देखिनेछ । त्यसैले सम्बन्धित निकायले बेलैमा सोचेर सरोकारवालाहरुलाई राखी छलफल गर्न आवश्यक छ ।

लम्पी स्किन रोग मान्छेमा सर्छ कि सर्दैन भन्ने कुरा व्यापक बाहिर आए पनि विज्ञहरुको सर्दैन भन्ने आवाज आम जनताको घर घर पुऱ्याउन नसक्दा आज दुधको उपभोग घट्दै गएको छ । लम्पी स्किनका कारण दूध उपभोगमा कुनै पनि फरक नपर्ने कुरा विभिन्न निकायको अध्ययन एवं विभिन्न अन्तर्राष्ट्रिय जर्नलहरूका प्रकाशित लेखहरूबाट पनि पुष्टि भएको छ ।

हाम्रो देश नेपालमा सन् १९४० को दशकमा गाईवस्तुमा फैलिएको' रिन्डरपेस्ट' अर्थात् गगौटी रोगको महामारीले ठूलो क्षति निम्त्याएको थियो । खुर हुने चौपायामा लाग्ने उक्त भाइरल रोग अहिले उन्मूलन भइसकेको छ । यसपटक एकदमै नराम्रो गरि देशैभर लम्की स्किन रोगले सताएको छ । कतिपय विज्ञका अनुसार सुरुमै प्रभावकारी कदम चालिएको भए अहिले यो अवस्था नआउन पनि सक्थ्यो भन्ने तर्क छ । यो रोग रोकथामका लागि सुरुतिरै सङ्क्रमित गाईभैंसीको हिँडडुल रोक्न सकेको भए अहिले महामारी नहुन पनि सक्थ्यो । हाम्रो सरकारी संयन्त्र कहिल्यै पनि नसुध्रिने नै भयो ।प्रत्येक प्रदेश अथवा सङ्घको मन्त्रालयको तर्फबाट तिब्र गतिमा भ्याक्सिन लगाउन सकेको भए अहिलेको अवस्था आउने नै थिएन । अझ पनि रोग थप फैलिन नदिन भौगोलिक रूपमा महत्वपूर्ण मानिएका स्थान तथा हालसम्म पशु क्वारन्टीन चेकपोस्ट नभएका प्रदेशमा स्थापना गर्ने र लम्पी स्किन रोगको चेक जाँच कडा गर्न सक्दा थप केही राहत पुग्न सक्छ । पशुचिकित्सा परिषद्का अनुसार



लम्पी स्किन महामारीबाट अहिलेसम्म ठूलो धनराशि बराबरको क्षति भइसकेको अनुमान छ । यति ठूलो क्षति हुँदा पनि सरकारको तर्फबाट कुनै प्रकारको सहयोग नपाएको किसानहरूले गुनासो गर्दै आएका छन् । तर कतै कतै स्थानीय सरकारले भने महामारी घोषणा गरेर क्षतिपूर्ति दिने घोषणा गरिसकेको छ । अब यो देशैभर लागु गरिनुपर्छ । अहिले पशु बिमा गराएका किसानहरूले त्यहीँबाट

रकम पाउन अत्यन्तै कठिन भएको छ भने रोग नलागेका पशुको पनि बिमा गर्न रोकिएको छ । पशु बिमा गराएका किसानहरूको हकमा बिमा कम्पनीहरूले सहजै रुपमा रकम दिनुपर्ने हुन्छ ।तर त्यसो हुन भने सकेको छैन । यो लम्पी स्किन रोग पहिलो पटक अफ्रिकी मुलुक जाम्बियामा सन् १९२९ मा देखिएको तथ्य छ । केही समयसम्म त्यो अफ्रिकाको सब-सहारा क्षेत्रमा सीमित रह्यो भने बिस्तारै उत्तर अफ्रिका, मध्यपूर्व, युरोप र एशियासम्म फैलियो । राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार सन् २०१९ को जुलाईमा पहिलो पटक बाङ्गलादेश, चीन र भारतमा लम्पी स्किन देखा परेको थियो । पशुसेवा विभागका अनुसार नेपालको मोरङ जिल्लामा विसं २०७७ सालको साउन २२ गते पहिलो पटक लम्पी स्किन रोग पुष्टि भएको थियो । यो लम्पी स्किन रोग गाईभैंसीलाई हुने एकदमै सङ्क्रामक रोग हो । लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गर्छ । सङ्क्रमित गाईभैंसीको ओसारपसार, सामुदायिक चरणक्षेत्र दाना एवं पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैंसीमा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्छ । गर्मीयाममा लामखुट्टे र किर्ना आदिको संख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ । यो रोग सङ्क्रमित गाईभैंसीको दूध उत्पादनमा गिरावट आउनुका साथै उच्च ज्वरो आउने, तौल घट्ने र कहिलेकाहीं पशुको मृत्यु पनि हुन सक्छ । खासगरी ज्वरो नियन्त्रण गर्न सकिएन भने त्यस्तो अवस्थामा सङ्क्रमित गाईबस्तु मर्ने गर्छन् ।यो रोग लागेका गाईभैंसीको छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रा र गोला गाँठा हुन्छन् ।

त्यस्तै सङ्क्रमित गाईभैंसीको थुतुनो, मुख र नाकमा घाउ देखिन्छ भने आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ निस्कन्छ । मान्छेमा भने यो रोग सर्दैन । विज्ञहरूका अनुसार लम्पी स्किन 'जूनोटिक डिजीज' अर्थात् पशुबाट मान्छेमा सर्ने रोग होइन भन्ने पुष्टि भइसकेको छ । एफएओले सन् २०१७ मा आफ्नो एउटा प्रतिवेदनमा लम्पी स्किन रोगले मानिसलाई असर गर्दैन भन्ने पुष्टि गरेको थियो । यो रोग मान्छेमा सर्छ भन्ने कुरा कुनै पनि वैज्ञानिक अध्ययनले प्रमाणित गरेको छैन ।यो रोग लाग्दा खासै यस्तै उपचार हुन्छ भन्ने नै छैन । त्यसैले रोग लाग्न नदिनु नै उत्तम उपाय भएको पशु चिकित्सकहरू बताउँछन् । यो रोग लाग्न नदिनको लागि भ्याक्सिनेशन नै प्रमुख हो । तर सङ्क्रमण भएको बेला भने खोप लगाउन हुँदैन । भाइरसको प्रकृतिअनुसार १० देखि १५ दिनमा यो रोग निको हुन्छ । एक पटक यो रोग लागेपछि एन्टिबडी बनेका कारण दोहोऱ्याएर गाईभैंसीलाई फेरि लाग्दैन भन्ने छ ।


## हेलम्बु गाउँपालिकाको अनुरोध

- बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**निमा ग्याल्जेन ह्योल्मो** अध्यक्ष | **अप्सरा लम्साल** उपाध्यक्ष | **विनोद रोका** प्रमुख प्रशासकिय अधिकृत

**हेलम्बु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल

## बाह्रबिसे नगरपालिकाको अनुरोध

- बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**बालकृष्ण बस्नेत** नगर प्रमुख | **मन्जु तामाङ** नगर उप-प्रमुख | **सुषमा महता के.सी.** प्रमुख प्रशासकिय अधिकृत

**बाह्रबिसे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल

# आकर्षणको केन्दविन्दु
# सिन्धुपाल्चोक पाँचपोखरी



सिन्धुपाल्चोक । नेपालमा पञ्चवर्षीय राष्ट्रिय विकास योजना पहिलोपटक सन् १९५५ मा बनेको थियो । त्यसको अवधि सन् १९५६ देखि १९६० सम्म रह्यो । उक्त पहिलो योजनाले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औंल्याएको थियो । तत्कालीन सरकारको तर्फबाट पहिलोपटक राष्ट्रिय संस्थानका रूपमा सन् १९५७ मा ‘ पर्यटन विकास बोर्ड’ स्थापना भएको थियो । त्यसैगरी, सन् १९५८ मा तत्कालीन शाही नेपाल वायु सेवा निगम (हाल नेपाल वायुसेवा निगम) स्थापना भयो भने सन् १९५९ मा ‘पर्यटन विभाग’ स्थापना भएको थियो । यसैगरी, सन् १९७८ मा नेपालकै पहिलो पर्यटन ऐन बन्यो ।

यसैगरी, सन् १९६९ सम्म आइपुग्दा पर्यटनलाई नेपालको अर्थतन्त्रको प्रमुख अंग मानी त्यसका लागि दीर्घकालीन योजना बन्नुपर्नेमा जोड दिन थालियो । फलस्वरूप सोही वर्ष ‘पर्यटन विकास समिति’ पनि गठन भयो । त्यसकै अग्रसरतामा सन् १९७२ मा पहिलोचोटि नेपालको राष्ट्रिय गुरुयोजना तयार भएको थियो । पर्यटन नेपालमा सबै भन्दा ठूलो उद्योग हो र यो विदेशी मुद्रा र राजस्वको सबै भन्दा प्रमुख स्रोत हो । संसारको दश उच्चतम हिमाल नेपालमा छ । पर्वतारोहण र रक आरोहीहरूकोलागि प्रमुख गन्तव्य हो । विविध धार्मिक स्थलहरू, मानिसहरू र साँस्कृतिक भौगोलिक तथा वातवरणीय विविधता महत्वपूर्ण आकर्षणहरू हुन् ।

हिमालय र सगरमाथा ठाउँबाट देख्न नेपाल विश्वमा १०उच्चतम पहाड को ८ छ । सगरमाथा, विश्वको सर्वोच्च पहाड शिखर, नेपाल मा स्थित छ । पर्वतारोहण र साहसिक पर्यटन वातावरणीय पर्यटन अन्य प्रकार आगंतुकों लागि महत्त्वपूर्ण आकर्षण हो ।विश्व सम्पदा साइट लुम्बिनी, गौतम बुद्ध को जन्म ठाउ, नेपालको पश्चिम क्षेत्र (नाम भए तापनि देश को केन्द्र मा स्थित छ जो) र त्यहाँ देश भर अन्य महत्त्वपूर्ण धार्मिक तिर्थयात्रा साइटहरु छन् को दक्षिण मा स्थित छ । को पर्यटन उद्योग गरिबी कम र देशमा ठूलो सामाजिक इक्विटी हासिल गर्न कुनै तरिका रूपमा देखिन्छ ।

पर्यटन नेपाल ४ ४७१ कोरोड एक वर्ष ल्याउँछ । नाम्चे बजारबाट, सगरमाथा गर्न गेटवे, हिउँ अन्तर्गत २०१२ को तथ्याङ्क अनुसार, त्यहाँ ९.८% को एक ढिलो वृद्धि दर थियो । नेपाल पर्यटन बोर्ड (NTB) बाट तथ्याङ्क अनुसार, ५९८.२०४ विदेशी पर्यटक कुल २०१२ . मा देश प्रवेश हवाई मार्ग मार्फत नेपाल सरकारले नेपाल पर्यटन वर्ष हुन २०११ घोषणा र समयमा देश एक लाख विदेशी पर्यटक आकर्षित गर्ने आशा वर्ष । उहाँले नेपाल सरकार पनि लुम्बिनी पर्यटन वर्ष २०१२ लुम्बिनी प्रवर्द्धन गर्न घोषणा गरेकै हो । नेपाल पर्यटन नराम्ररी कम्तिमा अस्थायी रूपमा प्रभावितमा २०१५ भूकम्पको शृङ्खला द्वारा थियो ।

२००७ मा, नेपाल भ्रमण अन्तर्राष्ट्रिय पर्यटक संख्या अघिल्लो वर्ष तुलनामा ३७.२% को वृद्धि भएको थियो जो ५२६.७०५ थियो । २००८ मा, पर्यटक संख्या ५००.२७७५% घट्यो । २००८ मा, विदेशी पर्यटकहरू ५५.९% एसिया (१८.२% भारत देखि) बाट, पश्चिमी यूरोप २७.५% को हिसाब गर्दा ७.६% उत्तरी अमेरिका थिए, ३.२% अस्ट्रेलिया र प्रशान्त क्षेत्र, २.६% पूर्वी युरोप

बाट, १.५ % आए, केन्द्रीय र दक्षिण अमेरिका, ०.३% अफ्रिका देखि र १.४% अन्य देशका देखि। २००८ मा नेपाल भ्रमण विदेशी पर्यटकहरु ११.७८ दिन को एक औसत को लागि देशमा बसे।

**आगमन**

| वर्ष | अन्तर्राष्ट्रिय पर्यटक संख्या नेपाल आइपुगेपछि | बाट % परिवर्तन अघिल्लो वर्ष |
|---|---|---|
| १९९५ | ३६३,३९५ | |
| १९९६ | ३९३,५३३ | ८.३ |
| १९९७ | ४२१,८५७ | ७.२ |
| १९९८ | ४६३,६८४ | ९.९ |
| १९९९ | ४९१,५०४ | ६.० |
| २००० | ४६३,६४६ | -५.७ |
| २००१ | ३६१,२३७ | -२२.१ |
| २००२ | २७५,४६८ | -२३.७ |
| २००३ | ३३८,१३२ | २२.७ |
| २००४ | ३८५,२९७ | १३.९ |
| २००५ | ३७५,३९८ | -२.६ |
| २००६ | ३८३,९२६ | २.३ |
| २००७ | ५२६,७०५ | ३७.३ |
| २००९ | ५०९,९५६ | १.८९ |
| २०१० | ६०२,८५५ | १८.२ |
| २०११ | ७३६,२१५ | २१.४ |
| २०१२ | ८०३,०९२ | ९.१ |
| २०१३ | ७९८,००० | -०.७ |
| २०१४ | ७९०,११८ | -०.९ |
| २०१५ | ५३८९७० | -३२ |
| २०१६ | ७५३००२ | ४० |
| २०१७ | ९४०२१८ | २५ |
| २०१८ | ११७३०७२ | २५ |
| २०१९ | ११९,७१९१ | २.०५ |
| २०२० | २३०,०८५ | -८०.७ |
| २०२१ | १५०९६२ | १५.५ |
| २०२२ | ६१४८६९ | ३१.५ |
| २०२३ | समावेश हुन बाँकी | - |

पर्यटन क्षेत्र तीव्र गतिमा सुधार भइरहेको छ विश्वव्यापी महामारी । जसका कारण नेपाल आउने पर्यटकको संख्या बढेको छ । २०२२ अघिल्लो वर्षको तुलनामा सबैभन्दा पर्यटकहरुमा २०१५ छोटो अवधि आधारमा नेपाल आइपुगेपछि राष्ट्रियता को निम्न देशहरूमा थिए। कोभिड-१९ को सङ्क्रमणसँगै ३०७% ले बढ्यो (६१४,८६९ पुग्यो)।

२०२२ मा पर्यटक आगमनको प्रमुख देशको तुलनामा अलि फरक थियो। अघिल्लो वर्ष । पर्यटक आएका शीर्ष पाँच देश भारत थिए (३४.०५%), संयुक्त राज्य अमेरिका (१२.५४%), यूके (७.३३%), अष्ट्रेलिया (४.३७%), र बंगलादेश (द्ध.ज्ञघ%), क्रमशः । कुल अन्तर्राष्ट्रिय आगमन संख्या मध्ये, ५९२,६३१ (९६.४%) हावाबाट आयो, जबकि २२,२३८ (३.६%) जमिनबाट आएका थिए।

| रैंक | देश | नम्बर |
|---|---|---|
| १ | अस्ट्रेलिया | २६८९४ |
| २ | बङ्गलादेश | २५३८३ |
| ३ | क्यानाडा राज्य | ९७५५ |
| ४ | चीन | ९५९९ |
| ५ | फ्रान्स | १६९३३ |
| ६ | भारत | २०९३३४ |
| ७ | इटाली | ६३८८ |
| ८ | जापान | ५७१४ |
| ९ | मलेसिया | ९५६९ |
| १० | दक्षिण कोरिया | ४२४० |
| ११ | अन्य देश | २६९३१८ |
| १२ | कुल | ६,१४,८६९ |

सन् २०१७ मा पर्यटकको आगमन सबै भन्दा उत्साहजनक ढंगमा देखीएको छ । यसले सम्रग पर्यटन क्षेत्रको र यस क्षेत्रलाई माया गर्ने सरकोकार वालहरूलाई समेत लाई आत्मविश्वास जगाएको अवस्था छ ।

विगतमा धैरै वर्ष एक खाले संकटबाट गुज्रेको विभिन्न घटनाहरूका वावजुत पनि पनि यहाँ सम्म पर्यटक उद्योग आएको छ । अहिले स्थानीय तह प्रदेश र प्रतिनीधिसभाको निर्वाचन समापन भइसकेको

छ । अवआउने नयाँ स्थिर सरकारले बन्नछ र देश आर्थिक विकासमा पुग्छ भन्ने सबैको वुझाई रहेको छ । सरकारले नागरिक समाजले मिडियाले हामी सबैले आर्थिक विकासको लागि मानेको क्षेत्रभनेको कृषि,पर्यटन र उर्जानै हो यसमा पनि हाम्रो भएको । यसमा पनि अझधैरै पर्यटन क्षेत्रमा धैरै प्रयाप्त सम्भावना रहेको छ । जसको लागि थोरै लगनशिल भएर फरक ढंगले प्रचार प्रचारमा लागियो भने नेपाल पर्यटन विकास गर्न सकिन्छ ।

यसले सरकारले पर्यटनलाई नै पहिलो प्राथमिकता दिएर योजनासहित अगाडि बढ्नुपर्दछ । अब आउने सरकाले पनियसको प्रयाप्त विकासमा लाग्नु पर्छ । पर्यटन विकासको लागि सबै भन्दा ठूलो चुनौती भनेकै आधारभुत पूर्वाधारको कमि रहेको छ । पूर्वाधारको विकास गर्न सकेमा धैरै पर्यटक पर्यटक आगमन बढाउन सकिन्छ । अहिले साना ठूला देशहरूले हाम्रो देशमा आउनुपर्यो भनेर आह्वान गरिरहेका छन् । प्रचारप्रसारलाई तिव्र बनाएका छन् । हाम्रो संकृतिक संम्पदा प्राकृतिक सोन्दर्यता अरुभन्दा फरक सभ्य र भव्य रहेको छ ।

मन्त्रालयले १० वर्ष रणनीतिक योजन सन् २०१६ देखी २०२५ सम्म्कोमा २५लाख पर्यटन भित्र्याउने योजना छ । राष्ट्रिय योजना आयोगले सह्रस्राव्दि विकास लक्ष्यमा भने सन् २०३० सम्म ३२ लाख पर्याटक भित्र्याउने भन्ने छ राजनीकि दलहरूले भने ५० लाख पर्यटन भित्र्याउने लक्ष्य राखेका छन् सबैको एउटै योजना भनेको नेपालमा पर्यटनको आगमन दर बढाउने भन्ने नै हो । पर्यटन क्षेत्रको विकासको लागि जनशक्ति पनि विकास भैरहेको अवस्था छ । थप एक विमानस्थलको निर्माण र भएको विमानस्थल बाटोको स्तरउन्नती गरेरपनि अहिले आएको भन्द्या दोव्वर पर्यटन ल्याउन सकिने हाम्रो विश्वास रहेको छ । अरु क्षेत्रमा पनि सुधारको खाचो छ अरु भने विस्तारै सुधार हुँदै जान्छ । प्रमुखत निम्न कुराहरूमा जोड दिन सके नेपालको पर्यटन बाटै आर्थिक संमृद्धि हुन्छ ।

## आन्तरिक तथा बाह्य्य पर्यटकको रुपमा आकर्षणको केन्दविन्दु बन्दै सिन्धुपाल्चोक पाँच पोखरी

आन्तरिक तथा बाह्य्यय धैरै पर्यटलाई थाहाँ नहुन पनि सक्छ सिन्धुपाल्चोक पाँच पोखरी पर्यटक हव हो भनेर । नेपाल घुमन आउने ०.५ % पर्यटलाई मात्र सिन्धुपाल्चोक भित्राउन सकिने हो भने आर्थिक एतिहासिक हिसावले मन्नगे आम्दानी श्वरोतका रुपमा लिन सकिन्छ । नेपालको पहाडी भाग सिन्धुपालचोक जिल्लामा रहेको पाँच पोखरी अन्तरिक र बाहय पर्यटकको लागि आर्कषणको केन्दविन्दु बन्दै आएको छ । सिन्धुपाल्चोक जिल्लामा अवस्थित ५ वटा पोखरीहरूको समूह तथा हिन्दु धर्मको महत्त्व बोकेको धार्मिक तथा पर्यटकिय स्थल हो । सो पोखरी हिन्दु र बौद्ध धर्मलम्बीहरुको धार्मिक गन्तव्य बन्दै आएको छ ।

**काठमाडौंको कोलाहाल वस्ती । प्रदुषणले भरिएको यत्रतत्र अनि ध्वनीको कोलाहालमा वसोवस गरेका मानिसहरूलाई सान्त र शहनशिलताको क्षमता बृद्वि विकास गर्ने पवित्र थलो हो पाँचपोखरी ।**

चाबहिल, चुच्चेपाटीबाट शुरु गरिने तीनघन्टे बस यात्राले मेलम्ची पुर्‍याउँछ । पाँचपोखरीको यात्रा चौताराबाट पनि गर्न सकिन्छ ।मेलम्चीबाट पाँच घन्टा अघि लागेपछि पुगिन्छ, मानेखर्क । मानेखर्क अर्थात् बस बिसाउने अन्तिम ठाउँ ।त्यसपछि सुरु हुन्छ पाँचपोखरीको पदयात्रा । भोलिपल्टबाट सुरु हुने, उदेकलाग्दो उकालो र सुनसान बाटोको यात्रा । यो रुट उकालो, ओरालो हुनाले अलिक कठिन छ । तर पनि घामको किरणले सेताम्य भएको गणेश र जुगल हिमालले यात्राभर मोहनी पाँचपोखरी जाँदा जति बढी गन्तव्य नजिकिन्छ, उत्तिकै चिसो बतास चल्न थाल्छ । कान, मुख र हात नीला हुन थाल्छन् । झारबाट अनौठो गन्ध आउन थाल्छ । त्यस दिन गन्तव्य पुगिछाड्ने भन्दै अँध्यारोसम्म करबि १२ घन्टा हिँडेपछि बल्ल पाँचपोखरी पुगिन्छ ।

चिसो हावा, पहाड र हिमालको काख, हरियाली वातावरण र एकै स्थानमा पाँच-पाँच पोखरी । सबै पोखरीमा नीलो आकाश र त्यसका बादलहरू ऐनाजस्तै सजिएका छन् । यति सुन्दर दृश्य त कुनै शब्दमा बखान गर्न सकिँदैन । केही साथीहरूले पोखरीको पानी असाध्यै चिसो भए पनि आँट गरेर नुहाए । एउटा पोखरीलाई पूर्णरूपमा घुम्न ३० मिनेट लाग्नेछ । पाँचपोखरीमा भगवान् शिवको मन्दिर पनि छ । ढुङ्गामा बयान गरिएको त्यहाँको किंवदन्ती निकै रोचक छ । जसमा भनिए अनुसार झन्डै २ हजार ३ सय २५ वर्षअगाडि प्रख्यात सिकारी बुम्वा बाइवा सिकार खेल्दै हाल पाँचपोखरी रहेको स्थान पुग्दा धान खेती गररिहेको देखेछन यस्तो हिउँ पर्ने ठाउँमा पनि खेती गर्ने को होला भनी छेउमा जाँदा धान खेती गर्नेमध्येका मानिस (महादेव) सिकारी बुम्वालाई

देख्नेबित्तिकै सम्पूर्ण धान खेती गर्ने खेताला, यसै पाँचपोखरीको हाल मन्दिर रहेको स्थानमा अलप भएछन् । यो दृश्य देखेपछि बुम्वाले आफ्नो सिकारी कुकुरलाई लगाएको घन्टी फुकाली रोपाइँ गर्दा अलप भएको ठाउँमा झुन्ड्याई मन्दिरको स्थापना गरी फर्केछन् । त्यसयता हरेक वर्ष भदौ महिनाको एकादशीदेखि जनै पूर्णिमाको दिनसम्म यहाँ मेला लाग्ने गर्छ । र, टाढा-टाढाबाट हजारौं संख्यामा भक्तजनहरू जुट्छन् ।

पाँचपोखरीमा रहेको भगवान् शिवको मन्दिरमा आई पूजा गरेमा सुख, शान्ति र महिलाहरूले शिवसरह श्रीमान् पाउने र बिहेपश्चात् सन्तान नहुनेहरूको मनोकामना पूरा हुने धार्मिक विश्वासले गर्दा यो तीर्थस्थल ज्यादै लोकप्रिय हुन पुगेको छ । इन्द्रावती र ब्रह्मायणी नदीको उद्गमस्थलका रूपमा रहेका यी पाँच पोखरी सबैका बेग्लाबेग्लै नामसमेत छन्, भैरव कुण्ड, सरस्वती कुण्ड, गणेश कुण्ड, सूर्य कुण्ड र नाग कुण्ड ।

- तीनधारा धार्मिक स्थल
- गोछ्यो ज्योओ थान (भुमेस्थान) पर्यटकिय स्थल
- योल्मो कान्यिङ् शेडुप लिङ् गोन्पा, जतन
- मावली देवीस्थान मन्दिर
- पद्म सम्भव गुरु रेम्बोर्छे,धार्मिक लहरे माने (स्तुपा)

यसको धार्मिक पक्ष खोतल्दै जाने हो भने त स्कन्ध पुराणको हिमवत् खण्डमा पञ्चपोखरी नामको महान् तीर्थस्थलको वर्णन छ, जसलाई तीर्थराज प्रयाग र बाँडगंगा (कुरुक्षेत्र) समानका तीर्थ स्थल भनिएको छ ।आकर्षक स्थान हो । प्रमुख झरना तथा छाँगाहरुमा खरुखोला लामो छाँगो, फन्दला खोला छाँगो, छ्योङछ्योङ खोला रहेका छन् ।

आमायाङग्री, छोथाङ हङजेन, ढुक्फु, ढुक्फी गुफा, दुधकुण्ड लगाङ गुम्वा, बगाङ गुम्वा ,मेन्छु दुप्चे, भुभेथान, ठेकालासा विभिन्न गुम्वा, झरना, दाङरीमा लगाएतका स्थानहरु छन् ।

पर्यटकीय गन्तव्य बन्दै पाँचपोखरीको नागिथाम डाँडालाई लिन सकिन्छ । धार्मिक र एतिहासिक महत्त्व मणि ब्राह्मणको परिचय जीवन गाथा सङ्गै यस ठाउँको परिचय धारणी सुत्र (मन्त्र )मा उल्लेख गरिएको पाईन्छ । यस मन्त्रमा उल्लेख गरे अनुसार दायाँ पट्टि सिंह गर्जेको जस्तो बायाँ पट्टी हात्ती सुतेको जस्तो र बिचमा शिखर कैलाश रहेको र त्यस स्थानमा पवित्र भुमी समय ताराको बासस्थान हुनेछ भनी उल्लेख गरेको नागीथाम डाँडा संरक्षण समितिका अध्यक्ष फुर्पा सिङ्गी लामाको भनाई छ । तिव्बतको तान्त्रिक यान तोप्तेन शाक्य श्री को भतिजो स्वयम्बु दर्शन गर्ने क्रममा यहि स्थल हुँदै जानुभएको आलेखहरु भेटिएको लामाले सुनाउनुभयो । शाक्य श्री यात्रामा खोलाको तिरै तिर जाने क्रममा धुपी पिन्ने घट्ट रहेको र त्यसै माथी एउटा पवित्र स्थल देखिएकाले त्यस स्थानमा मणि ब्राह्मणको सम्झनामा एउटा चैत्य निर्माण गरेको पनि देख्न सकिने किंवदन्ती छ । यस स्थानमा पाँच वटा डाकिनी (समय तारा) को बासस्थान रहेको भोट भाषामा लेखिएको पाईन्छ ।यस कारण अहिले निर्माण भएको तारा महलमा समय तारा ( २१ तारा) राखेको लामाले बताउनुभयो । यस तारा महलमा दर्शन गर्ने र पुजा स्थल हुनेछ भने बाँकी भवनमा बौद्ध मार्गीहरु ध्यान गर्ने केन्द्रको रुपमा प्रयोग हुनेछ ।

## एउटै ढुङ्गामा विश्वकै ठूलो बुद्ध मूर्ति

सिन्धुपाल्चोक पाँचपोखरी थाङ्पाल गाउँपालिका-७ भोटेनाम्लाङको उत्तर-पश्चिम क्षेत्रमा ठूलो ढुङ्गा छ । ढुङ्गामा गुरु पद्मसंभवको चित्र रहेको विश्वास गरिन्छ । पर्यटकीय तथा धार्मिक हिसाबले महत्वपूर्ण मानिएको उक्त ठूलो ढुङ्गामा ८४ फिटको बुद्धको मूर्ति बनाइँदै छ । गाउँपालिका अध्यक्ष टासी लामाले दाबी गरेअनुसार निर्माणाधीन बुद्धको यो मूर्ति एउटै ढुङ्गाबाट बनेको सबैभन्दा ठूलो मूर्ति हुनेछ ।


२०७८ मा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान र पाँचपोखरी थाङ्पाल गाउँपालिकाको साझेदारीमा एक करोड ४६ लाखको लागतमा ८४ फिटको बुद्धको मूर्ति कुद्ने गरी शिलान्यास गरिएको छ । उक्त ढुङ्गाको वरिपरि पार्क तथा ध्यान केन्द्रसमेत निर्माण गर्ने गरी गुरुयोजना निर्माण गरिएको छ । पार्क तथा ध्यान केन्द्रसमेत निर्माण गर्नका लागि करिब ८ करोड खर्च हुने आकलन गरिएको छ ।

पाँचपोखरी थाङ्पाल गाउँपालिका-३ ड्रागन झर्नाले पनि पर्यटको निकै मन लोभ्याएको छ । अहिले यो झर्नाको दृश्यावलोकन गर्न आउने पर्यटकहरुको संख्या बढ्दै गएको छ ।हवेली, अमिलो पानी, रैथानेश्वरी महादेवको मन्दिर ड्रगन गुफा जस्ता धेरै पर्यटको मनै लेभ्याउने दृश्य अवलोकन गर्न सकिन्छ । रैथाने वाली लगाएत घट्टमा पिसिएका कोदो,फापर, जौं, आलु लगाएत जडिवुटी यस क्षेत्रका मुख्य पर्यटकलाई लोभ लाग्दो र भरपुर मनोरम प्रद्धान गर्छ । झन्डै ५ देखि ६ दिनमा पाँचपोखरीको यात्रा टुंग्याएरै काठमाडौं फर्कन सकिन्छ ।

# नक्कली नोटको बिगबिगी

## सक्कली या नक्कली नोट कसरी थाहा पाउने ?

काठमाडौं । बजारमा नक्कली नोट छपाएर सो को कारोबार गर्ने गिरोह सक्रिय रहेको छ । हालै धनकुटा प्रहरीले नक्कली नोट कारोबारमा सम्लग्न ६ जनालाई पक्राउ गरेको छ । पक्राउ




गर्नेमा धनकुटा १ हिलेका २६ वर्षीय विशाल तामाङ, ताप्लेजुङको पाथीभरा याङ्वरक गाउँपालिका ४ का छितेन तामाङ, हिलेका २४ वर्षीय सोनम तामाङ, महालक्ष्मी नगरपालिका ८ का सुमन खड्का, छथरजोरपाटी गाउँपालिका सिधुवाका २४ वर्षीय तुलसी तामाङ र इटहरीबाट पक्राउ परेका २१ वर्षीय विकास तामाङ छन् ।प्रहरीले चेक जाँचका क्रममा विभिन्नि स्थानबाट पक्राउ गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दिपक कुमार रायले जानकारी दिए ।प्रहरीले १ लाख नोट बरामद गरेको छ ।

**प्रहरीले पक्राउ गर्ने खबर पाएपछि १ लाख नक्कली नोट उनीहरुले जलाएको प्रहरीले जनाएको छ । जलाएर नष्ट गर्ने व्यक्तिलाई पनि प्रहरीले निगरानीमा लिएको छ । प्रहरीले उनीहरुबाट ७ थान मोबाइल सेटसमेत बरामद गरेको छ ।**

### नक्कली नोट कसरी छुट्याउने ?

कुनै पनि देशमा नोट छपाई तथा निष्काशनको कानुनी अधिकार त्यस देशको सरकार वा केन्द्रिय बैंकलाई मात्र हुन्छ । कानुनी अधिकार प्राप्त नगरी कुनै व्यक्ति, संस्था वा निकायले कुनै पनि प्रकारले गैरकानुनी तवरबाट ठगी गर्ने मनसायले बनाएको नोटको प्रतिलिपीलाई जाली नोट भनिन्छ । मुलुकी ऐनको खोटा चलनको महल (१) ले जाली नोटको सम्बन्धमा “सरकारी टक लागेको सिक्का, नोट इत्यादी स्थिति चलनका कुरा कसैले बाहिर टकमारी छाप नम्बर, निशाना इत्यादी बनाउन लगाएमा बनाउन उद्योग गर्न र त्यस्ता माल कसैले जानी जानी खरीद गरेमा खोटा चलन गरेको ठहर्छ” भनि ब्याख्या गरेको छ ।

नेपाल राष्ट्र बैंक ऐन २०५८ को परिच्छेद ६ को दफा ५२ ले नोट तथा सिक्काको छपाई गरि निष्काशन गर्ने एकाधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरेको छ । यस बाहेक अरु कसैले जालसाँजी वा किर्ते गरी वा रुप फेरी वा अन्य कुनै प्रकारले नोट बनाएमा त्यस्ता नोटहरु जाली अथवा नक्कली हुन् । हाम्रो देशमा कहिलेदेखि जाली नोट देखापर्यो भन्ने कुराको कुनै प्रमाण नभए पनि वि.सं. २०२५/२६ तिर गभर्नर डा. यादवप्रसाद पन्तको हस्ताक्षर भएको रु. ५ दरको नोटसँग मेल खाने नोट बजारमा ल्याइएको थियो भन्ने कुरा पुराना मुद्रा संग्रहकर्ताको भनाइ छ । उनका अनुसार गैह्धिारा नाम नखुलेको एक व्यक्तिलाई प्रहरीले समाति थुनेको पनि थियो । त्यसैगरी वि.सं.२०३६/३७ तिर सिद्धार्थनगरमा गभर्नर कुलशेखर शर्माका हस्ताक्षर भएका रु. १०० दरका जालीनोट बजारमा देखापरेको थियो भनिएको छ । केहीबर्ष अघिसम्म भारतीय जाली नोटहरुको कारोबार अत्याधिक मात्रामा रहेको थियो । यसको तुलनामा नेपाली जाली नोटहरु कमै भेटिन्थे । तर, पछिल्ला समयमा संघठित गिरोहहरुले नेपाली जाली नोटहरुको कारोबार पनि बढाएको छन् । हाल बजारमा अत्याधिक रुपमा रु. ५०० र रु. १००० दरका तथा नगन्य मात्रामा रु.१०० दरका जाली नोटहरु देखा परिरहेका हुन्छन्, जसमा हामी पनि थाहै नपाई फस्न सक्छौं । त्यसैले जाली नोटहरुबाट बच्न हामीले बेलैमा सजगता अपनाउनुपर्छ । जाली नोट र सक्कली नोट हामी आफैंले छुट्याउन सक्यौं भने हामी ठगिनबाट बच्न सक्छौं ।

## सक्कली या नक्कली नोट : कसरी थाहा पाउने ?

कुनै नोट जाली हो वा होइन भनि पहिचान गर्ने प्रमुख आधार नोटमा रहेको सेक्युरिटी फिचर्स नै हो । सक्कली नोटहरुमा हुने यस्तो फिचर्स जाली नोटहरुमा पाइँदैनन् । केहीमा भएपनि ज्यादै कमशल खालको हुने हुँदा छुट्याउन सकिन्छ । केन्द्रिय बैंकले नै आफूले जारी गर्ने नोटहरुमा सकभर जाली बनाउन नसक्ने र बनाएमा पनि सहजै छुटाउन सकिने खालका यस्ता फिचर्सहरु राखेको हुन्छ । जाली नोट परिक्षण गर्न सुरक्षात्मक उपायहरुका माध्यमबाट केन्द्रिय बैंकको नीति र निर्देशनको अधिनमा रही विभिन्न तालिम, गोष्ठी तथा कार्यपत्र प्रस्तुति मार्फत बैंक तथा बित्तिय संस्था र नोटकोष रहेका बैंकहरुलाई दिने निर्देशन बमोजिम ब्यबहारिक



ज्ञानका माध्यमबाट परिक्षण गरी सक्कली वा नक्कली नोट छुट्टाउन सकिने हुन्छ । यसबाहेक बैंक तथा बित्तिय संस्था तथा मुद्राको कारोबार हुने स्थानहरुमा म्यानिफाइङ ग्लास, स्टेप वाचर, अल्ट्रा भ्वायोलेट लाइट, फ्लोरिसिन इंकजस्ता उपकरणको माध्यमबाट परिक्षण गरी सक्कली वा जाली नोट छुट्टाइन्छ । यसबाहेक आफैं पनि कुनै पनि नोट जारी हो या होइन भन्ने जान्न सकिन्छ । यसरी आफैंले जाली नोट थाहा पाउन सके ठगीबाट बच्न सकिन्छ । हेर्नुस्, जाली नोट चिन्ने ७ सहज तरिका :

» सक्कली र जाली नोटलाई कान नजिकै लगेर हल्लाएमा सक्कली नोटको आवाज कडा र खड खड गर्ने हुन्छ भने जाली नोटको आवाज कम हुन्छ ।

» सक्कली नोटको कागज स्तरीय, अलि खस्रो र कडा हुन्छ भने जाली नोटको कागज छाम्दा चिप्लो, लुलो र मोटो हुन्छ ।जाली नोट सक्कली नोट जस्तो चहकिलो पनि हुँदैन ।

» सक्कली नोटको रंग स्पष्ट र सफा गाढा हुन्छ भने जाली नोट हल्का, अस्पष्ट र फुङ्ग उडेको जस्तो देखिन्छ ।

» सक्कली नोटलाई उज्यालो तिर फर्काएर हेरेमा नोटको दायातर्फ रहेको भागमा पानी छाप स्पस्ट देखिन्छ भने जलि नोटमा केहि कालो दले जस्तो अस्पष्ट देखिन्छ ।

» सक्कली नोटमा रहेको सुरक्षा धागो नोटलाई उज्यालोतिर फर्काएर हेरेमा नेपाल राष्ट्र बैंक लेखिएको पढ्न सकिन्छ भने नक्कली नोटमा राखिएको सुरक्षा धागोले नोटका अक्षरहरु छोपिएका हुन्छन् ।

» नोटको दायातर्फ रहेको सेतो भागको बायातर्फ भएको रंगीन आधा अक्षर नेपाल राष्ट्र बैंकलाई उज्यालोतर्फ फर्काएर हेर्दा नेपाल राष्ट्र बैंक स्पष्ट देखिन्छ भने जाली नोटमा सो अक्षर स्पष्ट देखिँदैन ।

» सक्कली नोटमा रहेको स्टेप फिचर्सलाई उज्यालोमा दायाबाया पार्दा एउटा छुटै चहक आउछ भने जाली नोटमा यस्तो हुँदैन ।

### कानुनी ब्यबस्था

नेपाल राष्ट्र बैंक ऐन २०५८ को परिच्छेद ११ दफा ९५ बमोजिम जाली खोटो, नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेन गरेमा सो ऐन अनुसार कसुर गरेको मानिन्छ । त्यसैगरी त्यसो कसुर गर्ने कुनु व्यक्ति वा त्यस्ता व्यक्तिलाई कुनै किसिमको सहयोग गर्ने व्यक्तिलाई कसुरसँग सम्बन्धित बिगो जफत गरी बिगोको तिन गुणासम्म जरिवाना वा दश बर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था मुलुकी ऐनको महल ६ मा व्यवस्था गरिएको छ ।


**पाँचपोखरी थाङ्पाल गाउँपालिकाको अनुरोध**

१. आफ्नो घर-आँगन सफा राखौं । २. विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
३. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं । ४. बालबालिकालाई विद्यालय पठाऔं । ५. बालबालिकालाई काममा नलगाऔं ।
६. गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
७. गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवानाबाट बचौं । ८. हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
९. व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं । १०. आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं ।

**टासी लामा** अध्यक्ष

**सुनिता अधिकारी** उपाध्यक्ष

**नन्दलाल शर्मा** प्रमुख प्रशासकयि अधिकृत

**पाँचपोखरी थाङ्पाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# 'भिजन' नभएका मन्त्रीहरु:

G / FHZJSF] ; ]F VF]HG ; S5 G\G / FHZJ GLTGNFO{SFGGSF]BFO/ FDF NOFPG .

निगरानी ब्यूरो । मन्त्रीहरुसंग 'भिजन' भएन् भने पूरा राज्य संयन्त्र नै जोखिममा पर्छ ।मन्त्रीकै कारण प्रधानमन्त्री असफल हुन्छन् भने राज्यको ढुकुटीमा आउनुपर्ने खर्बौं रुपैयाँ राजश्व रोकिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शहरी विकास मन्त्रालय र भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय यसअन्तर्गत पर्छन् । न मन्त्रीमा काम गर्ने क्षमता छ न सचिवमा । यी मन्त्रालय मातहत निकायका महानिर्देशक र कर्मचारी पनि त्यस्तै छन् ।



शहरी विकास मन्त्रालय मुलुकको महत्वपूर्ण मन्त्रालयमा पर्छ ।यसले शहरलाई सुन्दर र व्यवस्थित बनाउन गर्नुपर्ने धेरै काम बाँकी छ । तर, अहिले यो मन्त्रालयले केही काम गरेकै देखिँदैन् ।शहर व्यवस्थित त छोडौं, घरलाई पञ्जीकरणमा लैजानसमेत सकेको छैन् । मुलुकभर बस्ती बढ्दो छ । घरहरु धमाधम निर्माण भइरहेका छन् ।ती घरलाई पञ्जीकरण गरेर कर लिने निर्णय गर्ने हो भने राज्यको ढुकुटीमा कति राजश्व जम्मा हुन्छ ? एउटा घर भएकालाई घरेलु र त्योमाथि घर भएकालाई कम्पनीमा लगेर पञ्जीकरण गर्ने व्यवस्था गर्नपर्छ ।

प्रत्येक ६ महिनामा घरको जाँचपास गर्ने र प्राधिकरण चेकजाँच गर्ने नीति ल्याउन पनि ढिलाइ भइसकेको छ । बस्नलायक नभएका घरमा समेत आम नागरिकहरु बसोबास गर्दै आएका छन् । सरकारले यो निर्णय गर्यो भने एकातिर राजश्व आउँछ, अर्कोतिर पूराना घर भत्किएर कोही घाइते हुनुपर्दैन् । ज्यान पनि जाँदैन् ।घरधनीहरुले एउटा घरमा करोडदेखि अर्ब रुपैयाँसम्म लगानी गरेका छन् । उनीहरुले घर भाडामा लगाएर मासिक लाखदेखि करोडसम्म बहाल उठाउँछन् । त्यसबापत राज्यले के पाइरहेको छ ? जतिपटक मन्त्री फेरिएपनि राज्य हेरेको हेर्‍यै छ । घरधनीहरु कमाउने तर राज्यलाई कौडी पनि राजश्व नतिर्ने । राज्यले न लगानीको राजश्व पाउँछ न आम्दानीको । यता, भूमि व्यवस्थापन मन्त्रालय पनि राजश्व उठाउन असफल बनेको छ । मुलुकभर जग्गाको सरकारी रेट पाँच हजारदेखि ६६ लाख ५० हजार रुपैयाँसम्म छ । सरकारले सरकारी रेटअनुसार राजश्व पाउँछ । तर, बजारी भाउ त त्यस्तो छैन् । सरकारले पाँच हजार आना मूल्य तोकेको जग्गा २० लाखमा खरिदबिक्री भइरहेको छ ।

तर, राज्यले त सो अनुसार राजश्व पाइरहेको छैन् ।एक करोडमा जग्गा किन्छ, पाँच लाखमा किनेको हो भन्दै सरकारलाई त्यति कै राजश्व तिर्छ । ९५ लाखको त राजश्व छल्छ । त्यसमाथि पनि महिलाको नाममा जग्गा पास गर्यो भने छुट पाइन्छ । जसले राजश्व छलिरहेको छ, त्यसैलाई छुट । सरकारले नै राजश्व छल्नेहरुलाई प्रोत्साहन गरिरहेको देखिन्छ । बजारी भाउ पनि त बुझ्नुपर्यो । कुन ठाँउमा कतिमा जग्गा खरिदबिकी भइरहेको छ ? हामीले कति राजश्व पाइरहेको छौं ?

यति त बुझ्न नसक्ने भूमि व्यवस्थापन मन्त्रालयका पदाधिकारीहरुले अरु के गर्छन् ? मालपोत कार्यालय पनि यसमा जिम्मेवार हुनुपर्यो । राजश्व उठाउनु त यिनीहरुको दायित्व हो । जतिसक्दो राजश्व उठाउनतर्फ मालपोतका कर्मचारीको ध्यान केन्द्रीत हुन जरुरी देखिएको छ । आफ्नै अगाडि राजश्व छलि भइरहेको छ तर मालपोतका पदाधिकारीहरु मौन छ । कसैले राजश्व तिर्न मान्दैन् भने उनको घरजग्गाको सिफारिस, नामसारी

रोकिदिनुपर्यो । यातायातमा पनि त्यस्तै छ । झन् यहाँ त कति हो राजश्व छली ? राजश्वको दायरा सबैलाई एउटै छ । एउटा भाडाको गाडी पाँच लाख देखि ८० लाख रुपैयाँ सम्ममा किनबेच हुन्छ । निजी प्लेटका गाडी तीन लाख देखि २५ करोड रुपैया सम्ममा खरिदबिक्री हुन्छ । दुवैले नामसारी गर्दा तिर्नपर्ने राजश्व उति नै छ । आठ सय रुपैयाँ राज्यले राजश्व पाउँछ । वर्षौंदेखि यही नै राजश्व छ ।वृद्धि हुन सकेको छैन् । यातायात मन्त्रालयले प्रतिशतको हिसाबमा राजश्व लिनुपर्यो । यति लाखसम्मको गाडीले यति रुपैयाँ भनेर तोकिदिनुपर्यो ।

तीन लाखको दुई पाङग्रे भएकाले पनि त्यही राजश्व तिर्छन्, ८० लाखको गाडी भएकाले पनि त्यही । मन्त्रालयले यो निर्णय गर्ने हो भने राजश्व वृद्धि हुन्छ । सरकारले यातायात व्यवसायीसंग लिनुपर्ने १५ वटा चीजमा राजश्व बढाएको छैन् । तीन दशकदेखि एउटै राजश्वमा सरकार चलिरहेको छ । सरकारले ती १५ वटा चीजमा राजश्व बढाउने हो भने राज्य मालामाल हुन्छ । गाडीधनीहरुले न लगानीको राजश्व तिर्छन् न आम्दानीको । मासिक दशौं लाख कमाउँछन् तर खोइ राजश्व ?

चार पाङग्रे होस् या दुई पाङग्रे, निजी प्लेटका गाडीको जाँचपास र प्रदुषण चेकजाँच पनि गरिँदैन् । रोड परमिटको पैसा पनि तिर्नपर्दैन् । यी गाडीहरु घरेलु र कम्पनीमा दर्ता गरिएको हुँदैन । जसको कारण पञ्जीकरणबापत आउनुपर्ने राजश्व रोकिएको छ । देशैभरि ४५ लाख सवारी दर्ता छ । ११ लाख यात्रुवाहक र मालवाहक सवारी साधन छन् । बाँकी ३४ लाख निजी प्लेटका छन् । पञ्जीकरण नगरेका गाडीको नामसारी रोकिदिने र दर्ता खारेज गरिदिने निर्णय गर्ने हो भने यहाँ राजश्वको ओइरो लाग्छ ।

यो प्रस्ताव यातायातमन्त्री प्रकाश ज्वालाले छिट्टै मन्त्रिपरिषद्मा लैजानुपर्यो । राज्यको ढुकुटीमा आउनुपर्ने खर्बौं रुपैयाँ राजश्व गुमेको छ । सरकार अलि कडा भएर लाग्नुपर्यो नि । राजश्व उठेन् भने सरकार सञ्चालन हुन सक्दैन् । तर, सरकार राजश्व उठाउनैमै हेलचेक्र्याइँ गरिरहेको छ । बैंक तथा वित्तिय संस्थाले आफ्नो सबै लगानी घरजग्गामै गरेका छन् । व्यक्तिले लगानी पनि यही क्षेत्रमा छ । यहाँ नाफा देखेर त सबैले यसमै लगानी गरे । सरकारले त यहाँबाट थप राजश्व उठाउन सक्नुपर्थ्यो । विडम्बना, सरकार मौन छ । जुन देशमा उद्योग छैन्, त्यही देशमा उद्योग मन्त्रालय छ । अन्य मुलुकमा बनेको सामान आयात गरेर बिचौलियाहरुले खाइरहेका छन् । यहाँ जति पनि उद्योग व्यवसायी भनिएका छन्, ती सबै दलाल हुन् । सय रुपैयाँको सामान ल्याउने, पाँच सयमा बेचेर खाने । उद्योग व्यवसायी बन्नलाई त पहिले उद्योग हुनुपर्लो नि । भएका पनि सबै बन्द गराइहाले । ठूल्ठूला भनिएका व्यवसायीहरुले राजश्व तिरेका छन् ? छैन् । तर, मन्त्रालय हात बाँधेर बसेको छ ।

अधिकांश व्यवसायीले आफ्नो व्यवसाय दर्ता गरेका छैनन् । दर्ता नगरीकन उनीहरुले आफ्नो व्यवसाय सञ्चालन गरिरहेका छन् । स्थानीय सरकार पनि यो विषयमा मौन छ । राजश्व कहाँबाट उठ्छ ? जनताको लगानी कहाँ छ ? वित्तिय संस्थाले कहाँ लगानी गरेका छन् ? उद्योग मन्त्रालयलाई चासो छैन् । जेठ १५ गते अर्थमन्त्री डा प्रकाशशरण महतले बजेट ल्याए । उनले वर्षमा एक करोड रुपैयाँसम्म कारोबार गर्नेलाई कर छुट दिने निर्णय गरे । अर्थमन्त्री महतले अलिअलि आइरहेको राजश्व पनि ठप्प बनाइदिए । ठूल्ठूला व्यापार गर्नेहरुले राजश्व तिर्ने त उस्तै छ । ठूल्ठूला व्यापारीदेखि सरकार आफैं थुरुरु भइहाल्छ । स्वास्थ्य मन्त्रालयले चुरोट, खैनी, गुट्खालगायतका सुर्तीजन्य पदार्थमा राजश्व बढाउने निर्णय गरेर मन्त्रिपरिषद्मा लगेनन् । यता, उद्योग मन्त्रालयले मदिरामा राजश्व बढाउन चासो देखाएनन् । मन्त्री राजश्व उठाउन नखोज्ने अनि सरकार कहाँबाट चलाउने ? राजश्व उठाउने जिम्मा प्रधानमन्त्रीको मात्रै हो ?

सबै प्रधानमन्त्रीले गर्ने हो भने यत्रो तलबभत्ता र सेवासुविधा खुवाएर नालायक मन्त्रीहरु किन पाल्नुपर्थ्यो ? कर्मचारी पनि त्यस्तै भए । के हेरेरचाँहि लोकसेवाले यस्ता कर्मचारीलाई सरकारी सेवामा लियो ? कुनै योजना नै छैन्, कर्मचारीसंग । जनताले तिरेको करबाट तलबभत्ता खाने, लुगा लगाउने, सरकारी गाडी चढ्ने काम मात्रै भइरहेको छ । वास्तवमा भन्ने हो भने, यस्ता मन्त्री र कर्मचारी हुनु देशका लागि दुर्भाग्यको कुरा हो । जनता यिनीहरुलाई धिक्कार्छन् ।

यत्रा सरकारी निकाय छन् । प्रदेशपिच्छे मन्त्रालय छन् । स्थानीय सरकार छ । तर, कहीकतैँ रट्टीभर पनि काम भएको छैन् । सबै जना कामचोर भए । लक्ष्यअनुसार राजश्व उठाउनसमेत सरकारी निकाय असफल बनेका छन् । अझैपनि टुलुटुलु हेरेर बस्ने कि

कुनै 'एक्शन' लिने । निजी संस्थामा काम गर्नेहरुले अहिले पनि हातमै तलब पाउँछन् । श्रम मन्त्रालयले बैंकबाट तलब दिनुपर्ने भनेर सामान्य निर्णयसमेत गर्न सकेको छैन् । राजस्व सङ्कलनमा आएको यो गिरावट आर्थिक वर्ष २०२४/२५ यता पहिलो पटक देखिएको हो "यस अवधिमा गरिएको आयात नियमनको असर तथा आर्थिक गतिविधिमा आएको सुस्तता लगायतका कारणहरूले गर्दा राजस्व वृद्धिदर नकारात्मक हुन गई सरकारी वित्त सन्तुलनमा चरम दबाव परेको छ, पूर्वअर्थमन्त्रीले वताएका थिए । सरकारले पुस मसान्तसम्म छ खर्ब ५१ अर्ब ६२ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो । तर गत पुस मसान्तसम्म सरकारले चार खर्ब ९० अर्ब चार करोड मात्रै राजस्व उठायो । पूर्वअर्थमन्त्री पौडेलका अनुसार लक्ष्यभन्दा करिब २५ प्रतिशत र गत वर्षको यही अवधिको भन्दा १५ प्रतिशत कम राजस्व सङ्कलन भएका थियो ।

**नेपालको अर्थतन्त्र "सुधारोन्मुख" तर "जाडोमा एकछिन् घाम लागेजस्तो" हुने चिन्ता बैंकहरू धमाधम गाभिनुको कारण के हो, तपाईंलाई यसले कस्तो प्रभाव पार्छ ।**

गत जेठ १५ गते तात्कालिक अर्थमन्त्री जनार्दन शर्माले पेस गरेको बजेटमा यो आर्थिक वर्षभित्र कुल १४ खर्ब तीन अर्ब १४ करोड राजस्व सङ्कलन हुने अनुमान गरिएको थियो । निर्वाचनपछि बनेको सरकारका पूर्वअर्थमन्त्री पौडेलले त्यसलाई संशोधन गर्दै १२ खर्ब ४४ अर्ब ७५ करोड मात्रै सङ्कलन हुने अनुमान अघि सारेका थिए ।

## नाकाबन्दी, कोभिड महामारीमा पनि थिएन

भूतपूर्व अर्थसचिव रामेश्वर खनाल नेपालले विगत केही दशकयता सामना गरेका कठिन समयमा पनि राजस्व सङ्कलनमा हुने यस्तो गिरावट नदेखिएको बताउँछन् ।

"माओवादी सशस्त्र द्वन्द्व, नाकाबन्दी, कोभिड महामारी कहिले पनि अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्षको राजस्व घटेको थिएन," उनले भनेका थिए ।

राजस्व सङ्कलनमा आएको यो गिरावटका पछाडि अर्थमन्त्रीले औंल्याएका प्रमुख पाँच कारण यस्ता छन् ।

» कोभिड महामारीको असर
» युक्रेन युद्ध र आपूर्तिमा विश्वव्यापी अवरोध
» ठूला अर्थतन्त्र भएका देशहरूको कसिलो नीति
» अल्पकालीन आन्तरिक नीति समीक्षा नहुँदाको प्रभाव
» राजस्व चुहावटको असर ।

पूर्वसचिव खनाल अर्थमन्त्री पौडेलले यसअघिका अर्थमन्त्री जनार्दन शर्माको व्यवस्थापकीय कमजोरी पनि यसमा जिम्मेवार ठान्छन् । कतिपयले डलर सञ्चितिमा परेको दबाव र आपूर्ति प्रणालीमा देखिएको असरबीच यसअघिको बजेटमार्फत ठूलो राजस्व सङ्कलनको लक्ष्य तय गरिएका कारण पनि यस्तो समस्या आएको दाबी गरेका छन् । यसको सबैभन्दा महत्वपूर्ण कारण जनार्दन शर्माले अर्थ मन्त्रालयको व्यवस्थापनमा देखाएको नालायकीको परिणाम हो । आठ करोड रुपैयाँले गिज्याइरहेको नेपाल भारतबीचको "रोटी बेटी" सम्बन्ध निजी क्षेत्रका जलविद्युत आयोजना अघि बढाउन के सरकारले साँच्चै नचाहेको हो । तर प्रतिनिधिसभामा भएको सक्षिप्त छलफलमा बोल्दै भूतपूर्व अर्थमन्त्री ज्ञानेन्द्रबहादुर काकीले "अघिल्लो सरकारले अर्थतन्त्रलाई लयमा लैजाने प्रयत्न गरेको" दाबी त गरे नै तर बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई संलग्न गराएर निश्चित व्यापारिक घरानालाई फाइदा पुग्नेगरी करका दर हेरफेर गरेको आरोप शर्मा माथि लागेको थियो । त्यसपछि उनले पदबाट राजीनामा दिएका थिए ।संसद्ले गठन गरेको एउटा छानबिन समितिले शर्मा माथि लागेका आरोपबारे छानबिन पनि गऱ्यो । उसले शर्मा माथि लागेका आरोप पुष्टि हुने आधार नभेटिएको जनाए पछि शर्मा पुनः मन्त्रिपरिषद्मा नियुक्त भएर अर्थमन्त्री बनेका होईन बनाइएका हुन् ।

» राजस्व चुहावट नियन्त्रणमा कडाइ गर्ने
» सरकारी निकायहरूबीच समन्वय र सूचना आदानप्रदान प्रभावकारी बनाउने
» राजस्व बक्यौता र बेरुजु असुलीलाई प्राथमिकतामा दिने
» बजार अनुगमन बढाउने र कर परीक्षण गर्ने
» राजस्वका लागि नयाँ स्रोतहरूको पहिचान गर्ने ।
» यसको अप्रत्यक्ष असर सर्वसाधारण मानिसमा पनि पर्न सक्ने आकलन गरिएको छ ।

"पुँजीगत खर्च सङ्कुचित हुँदा जनसाधारणलाई पर्ने असर व्यापक हुन्छ । सरकारले गर्ने खर्च घट्दा मानिसहरूको आयमा पनि असर पुग्न सक्छ । हाम्रा विकासका आकाङ्क्षा सोचेअनुसार पूरा नहुन सक्छन्"।

# पत्रकारको धन्दाः

## नाम पबित्र, काम अपबित्र !

निगरानी ब्यूरो । 'पत्रकार' भन्नाले कुनै सञ्चारमाध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता आवद्ध कार्यसँग सम्बन्धित सञ्चारकर्मी सम्झनुपर्छ ।' नेपाली पत्रकार हरूका लागि प्रेस काउन्सिल नेपालले तयार पारेको आचारसंहिता २०७३ को दफा २ (१) मा दिइएको पत्रकार शब्दको परिभाषा हो माथिको पंक्ति । उल्लेखित परिभाषामा दिइएका शब्दहरूलाई गहिरिएर विचार गरौं । परिभाषाले 'स्तम्भ लेखक' र 'विश्लेषक'लाई पनि पत्रकार बनाएको छ । कुनै किसानले गोबारो किराबाट केराका बोट कसरी जोगाउने, धान कसरी धेरै फलाउने, बेमौसमी गोलभेडा कसरी उत्पादन गर्ने जस्ता शीर्षकमा वर्षमा तीन-चारओटा लेख पत्रपत्रिकामा प्रकाशन गर्न सफल भयो भने उसलाई यस परिभाषाले पत्रकार बनाइदिन्छ ।



पत्रपत्रिकामा नियमित लेखन गर्ने संविधानविद् भीमार्जुन आचार्य, सीमाविद् बुद्धिनारायण श्रेष्ठ, राजनीतिक विश्लेषक खगेन्द्र संग्रौला आदिलाई पनि पत्रकार भन्न सकिने भो । अझ प्रेस-क्यामरापर्सन, व्यंग्यचित्रकार, कार्यक्रम निर्माता, निर्देशक, प्रस्तुतकर्ता तथा सञ्चालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादकलाई समेत यस परिभाषाले पत्रकार बनाएको छ । क्यामरापर्सन प्राविधिक व्यक्ति हो । पत्रकारको धन्दा नाम पबित्र काम अपवित्र यस्तै छ । हाम्रो समाज पत्रकारको काम समाजमा भएका कुरा प्रष्ट पारी जनतालाई न्याय दिलाउने हो तर पत्रकारले यसो गर्छ भन्दा पत्यार नलाग्न सक्छ ।

**घटना नं. १**

नपत्याउँ कसरी सिन्धुपाल्चोकमा भयो, यस्तै । नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोकका पूर्व सभापति पवित्रकुमार खड्काले पत्रकारको बिल्ला भिर्दै तातोपानी नाकाका व्यापारीहरुबाट पत्रकार खड्काले मोटो रकम असुल्ने गरेको र यसरी आर्जन गर्ने पैसाले नै पत्रकार खड्काले जिविकोपार्जन गर्दै आइरहेको छ भन्दा तपाईलाई बिश्वास नलाग्ला तर खड्काको एकताका यस्तै धन्दा चल्थ्यो । तातोपानी नाकाका ब्यापारी तस्करीहरु सङ्ग रकम बार्गेनिङ गरि नदिए समाचार लेख्छु भन्दै खाने गरेका थिए । नाकाका धेरै ब्यापारी खड्का पीडित बनेका थिए । पुर्व अध्यक्ष तथा ब्यापारी अमृत खड्का यस्का पात्र हुन धेरै चोटि पैसा लग्यो उस्को दाइ बिदेश जादा राम्रै सहयोग गरे तर देख्दैन खाली पैसा लगेर लेखेर हैरान बनाउँछ भनि त्तकालिन समयमा निकै चर्चा चलेकै हो ।

**घटना नं. २**

आफूलाई कान्छो पत्रकार र धनी पत्रकारको रुपमा चिनाउने तीनै सुजन आचार्यले दर्जनौं युवालाई सिंगापुरको सपना देखाएर ठगी गर्ने गरेको घटना बाहिरिएको छ । हिरा लुटपाटमा पक्राउ परि सेटिङमा छुटेका उनी एक नायीकाको अश्लिल भिडियो मार्फत व्यापारीलाई धम्काएर फिरौती मागेको अभियोगमा पक्राउ परेका थिए । उनै आचार्यले उदयपुर त्रियुगाका सुजन आचार्यले सिंगापुर पठाउँछु भन्दै ३९ जना युवाबाट लाखौं रुपैयाँ ठगी गरेको पाइएको छ । पीडितहरूका अनुसार चैत्र २६ गते पक्राउ पुर्जी जारी हुँदा समेत भाग्न सफल भएका आचार्यसँग अन्य व्यक्तिहरू समेत पीडित भएको र उनले सबैसँग गरी कुल १० करोड रुपैयाँ ठगी गरेको दाबी गरे । पीडितहरूमध्ये धेरैले सुजनकी प्रेमिका भनिने बिनु शाक्यको नेपालस्थित इन्भेष्टमेन्टको बैंक खातामा पैसा हालिदिएको उनीहरूको दाबी छ

। हाल बिनु सिंगापुरमै लुकेर बसेको पिडितको भनाइ छ । पत्राउ पुर्जी जारी भएपछि सुजनका सानिमाका छोरा (भाइ) सृजनलाई भने प्रहरीले पत्राउ गरिसकेको छ । 'हाम्रो अगाडि आचार्यले आफू सिंगापुरस्थित एस ग्रुप ग्लोबल कम्पनीको मालिक हुँ भने । नक्कली र फोटोसप गरिएका कागजपत्र देखाएका रहेछन्, त्यो बेला हामीले थाहै पाएनौं । विश्वासमा पर्यौं,' विज्ञप्तिमा उल्लेख छ, 'हामीलाई भ्रममा राख्न आचार्यले कुनै कसर बाँकी छोडेनन् । उनले १० करोड रुपैयाँमा गोरखा, एभरेस्ट र हिमालयनजस्ता नेपाली रेस्टुरेन्ट किन्न डिल गरिसकेका रहेछन् ।'
सिंगापुरको बैंकमा आचार्यको ५ लाख डलर बचत रहेको विवरणसमेत उनीहरूले देखाए । आकर्षक कमाइ हुने लोभमा पीडितहरूले जग्गा धितो राखेर ऋण निकाल्ने, परिवारको गरगहना बेच्ने र जग्गासमेत बेचेर आचार्यलाई पैसा बुझाएको बताए ।



एक पीडितले भने, "पैसा बुझाएको एक हप्तामा सिंगापुर उडाइदिने भनेकोमा एक वर्ष भइसक्दा पनि हुन्छ हुन्छ बाहेक कुनै जवाफ पाएका छैनौं । हामीलाई आफू ठगिएको थाहा पाउन वर्ष दिन लाग्यो ।"

उनीहरू सबैले आफू ठगिएको थाहा पाएको जम्मा एक महिना मात्र भएको छ । त्यसपछि सबैले वैदेशिक रोजगार विभाग, अपराध महाशाखालगायतमा उजुरी दिएका छन् । उनीहरूमध्ये धेरैले बिनु शाक्यको नेपालस्थित इन्भेस्टमेन्ट बैंकको खातामा रकम बुझाएको बताएका छन । प्रेस विज्ञप्तिमा जनाइएअनुसार पैसा सृजनले पनि लिएका हुन् । उनलाई प्रहरीले पत्राउ गरिसकेको छ । बिनु र सुजनको नाममा पनि पत्राउ पुर्जी जारी भइसकेको छ । तर आचार्यले नेपालमा नेता, मन्त्रीदेखि पुलिसका हाकिमहरूलाई समेत आफूले पैसा दिने गरेको दाबी गर्दै आएकाले सजिलै, बेलैमा न्याय पाउनेमा आफूहरूलाई शंका लागेको उनीहरूले बताएका छन् र बाध्य भएर मिडियामा आउनुपरेको उनीहरूले तर्क गरेका छन् । घटना छानबिन र पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासनबाट गम्भीर पहल नभए आन्दोलनमा उत्रिन बाध्य हुनेसमेत पीडितहरूले चेतावनी दिएका छन् ।

## को हुन् आचार्य ?

आचार्य तिनै व्यक्ति हुन्, जो पटक पटक ठगी र लुटपाटमा पत्राउसमेत परिसकेका छन् । एकवर्ष अघि २०७९ जेठ १२ गते पनि उनी ठगी आरोपमा समातिएका थिए । योजनाबद्ध तरिकाले पीडितलाई पटक-पटक फोन गरेर र प्रत्यक्ष भेटेर धम्की दिँदै ७ करोड रुपैयाँ माग गरेको आरोपमा उनी पत्राउ परेका थिए । त्यसबेला हिरासतमा रहँदा पनि उनले सँगै पत्राउ परेका साथीहरूलाई न्यायाधीशसँग आफ्नो चिनजान रहेको र आफ्ना मान्छेलाई भनेर सबै जनालाई छुटाउने तयारी भएको बताउदै ठगेको खबर पनि बाहिरिएको थियो । उनी २०७६ चैत १० गते हीरा लुटपाट संलग्न भएको आरोपमा पत्राउ परेका थिए । पत्रकारको भेष बनाएर हीरा लुटपाट गरेको आरोपमा उनलाई प्रहरी कार्यालय मकवानपुरले पत्राउ गरेको थियो । उनी एबीसी टेलिभिजनका पत्रकार रहेका प्रहरीले जनाएको थिया ।

## घट्ना नं. ३

आफुलाई सेलीब्रेटी पत्रकार भन्दै लामो समय देखि विभिन्न सहकारीबाट पैसा असुल्दै आएकी एन्जीना कार्की पत्राउ परेकी थिइन् । कार्कीलाई बसन्तपुरबाट मंसिर २२ गते नगद एक लाख सहित महानगरीय प्रहरी प्रभाग जनसेवा, न्यूरोडले पत्राउ गरेको हो । उनीले एक सहकारी सहकारीलाई लामो समय देखि ठूलो रकम माग्दै आएकी थिइन् । कार्कीले सहकारीसँग ८ लाख बैंक मार्फत लिएकी थिइन् भने विभिन्न समयमा गरेर ७ लाख लिइसककेकी थिइन् । अति नै भएपछि सहकारीले प्रहरीलाई खवर गरी एन्जिनालाई स-प्रमाण पत्राउ गरेको हो । कार्कीमाथि सहकारी लगायत विभिन्न व्यक्तिको रकम ठगी गरेको समेत आरोप लागेको थियो । एन्जिना लामो समय देखि पत्रकारितामा थिइन् । कार्कीले तीन वर्ष तराई टेलिभिजनमा काम गरेकी थिइन् । त्यस पछि हिमाल टेलिभिजन हुँदै भारतको जि टिभीमा नेपालबाट स्टीन्जरको रुपमा कार्यरत थिइन् । भारतिय टेलिभिजन जि-टिभीमा काम गरेपछि उनीले नेपाल रहेर केही अनलाइ न्यूज पोर्टलसँग मिलेर सहकारीहरुबाट पैसा असुल्ने काम शुरु गरेकी थिइन् । अहिले एन्जिना कुनै पनि संचार माध्यममा आवद्ध नरहेको तर पत्रकारिता

पेशाको नाममा उनले ठगी गर्दै आइरहेकी थिइन् । उनलाई ठगी कार्यमा उनको फेसबुकमा रहेका नेपालका संचारकर्मी, व्यवसायी र राजनीतिक पार्टीका व्यक्तीहरुसँग खिचाएको तस्विरले सहयोग गरेको थियो । उनको यस्तो धन्दामा उनीसहित सात, आठ जनाको समूह रहेको छ । अहिले एन्जिना लामो समय जेलमा बसेर धरैटिमा छुटेकी छिन् ।

**घट्ना नं. ४**

विगतको समयम देखि अंगिकृत नागरिकता पाउने नेपाली नागरिकहरूलाई तर्साएर पैसाको वार्गेनिङ्ग गरेर पेट पाल्ने धन्धाको रूपमा लिएका छन् । ती पत्रकारको काम नागरिकता र व्यापारीक प्रतिष्ठानका व्यक्तिको डर त्रास र धम्कीको रूपमा वीरगन्जका व्यापारीहरू ठुलो मर्का परेको स्थानीय व्यापारीले गुनासो गरेका छन् । विषय संदर्भमा हेर्दा विगतमा एउटा प्रतिष्ठा व्यापारी राजनीतिक नेतृत्वको वारेमा विगतमा नागरिकताको बिषयलाई लिएर विभिन्न पत्रिकामा चरित्र हत्या गरेका थिए । हाल आएर देशको भाग्य र भविष्य सुनिश्चित गर्न खटिएका राष्ट्रिय व्यक्तिलाई जोडेर एउटा कर्मठ नेता नरेश कुमार साहलाई वीरगन्जबाट प्रकाशित हुने एक दैनिक पत्रिका सम्पादकले चिरत्र हत्या गरेको आरोप समेत लाग्यो । लिङ्गलेनका खजाञ्चि भारतीय नागरिक नरेश साहलाई पर्शाबाट निर्वाचनमा लडाउने तयारी शीर्षकमा समाचार सम्प्रेषण गरेकामा राष्ट्रिय प्रजातन्त्र पार्टीले देशको नेतालाई राखेर नरेश कुमार साहको चरित्र हत्या गरेको बिषयमा राष्ट्रिय प्रजातन्त्र पार्टी पर्शा जिल्ला कार्य समितिले प्रेस विज्ञप्ति जारी गरेर सम्मान संचार जगतकै मान मर्दन गरिएकोमा गंभीर ध्यानाकर्षण सहित विज्ञप्ति जारी गरेको थियो । यस विषमा कपोलकल्पित, भ्रमक, प्रमाण विहीन समाचारले पत्रकारिता माथि जन विश्ववास र जन आश्थामा समेत ठुलो आघात पुगेको जनाए । यसमा विगतकै पत्रकारवाट हाल प्रयोग भएका छन् ।

वीरगन्जमा आफुलाई प्रतिभाशाली र हरेक यस्ता दुषित घटनामा पर्दा भित्र रहेर खान पल्केका महान पत्रकारको नेतृत्वमा व्यापारी समेतलाई तर्साएर खाने काममा सकृय भएको स्थानीय जनताको प्रतित्रिया रहेको छ । काठमाडौ र ललितपुरको आफ्नो कम्पनी मनेजरको रूपमा काम गर्दा करोडौंको रकम हिनामिना गरेर हाल फरार रहेका छन् । त्यही रकम पचाउन यो घटनाक्रमको जन्म भएको हो । सत्यतथ्य सार्वजनिक हुनेछ । यस्तो भ्रमित समाचारले समाज र व्यापारीमा अपमान हुने बिषयमा उद्योग बाणिज्य संघले प्रतिवाद गर्ने र पार्टीले कानुनी उपचारमा जाने जनाएको छ ।

**घटना नं. ४**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुशासनका लागि ठूला कदम चाले जस्तो देखिन्छ । यतिबेला ठूलठूला काण्डहरु सार्वजनिक हुनुमा प्रधानमन्त्री प्रचण्डकै ईच्छाशक्ती हो भन्दा अतियुक्ती नहोला । तर, उनै प्रधानमन्त्रीको सचिवालयमा कार्यरत रहेको बताउने एक व्यक्तिले काठमाडौंको कपन बस्ने एक व्यक्तिलाई मृत्युको मुखमा पुर्याएका छन् । आफूलाई प्रचण्डको प्रेस सल्लाहकार बताउने श्री बल्लब नेपाल नाम गरेका व्यक्तिले 'मिटरब्याज' लगाएर घर जग्गा नै खाइदिने षडयन्त्र रचेपछि एनआइसी एशिया बैंकका खुमलटारस्थित निवर्तमान शाखा प्रमुख अविनाश कर्णले केहीदिन अघि आत्महत्या प्रयास गरे ।

आफूलाई पत्रकार समेत बताउने नेपालका कारण आफूले विष सेवन गरेको अविनाशले बताए । कर्णले विभिन्न निकायमा दिएको उजुरी अनुसार सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नम्बर ५ स्थायी घर भएका नेपाल मध्यपुर ठिमी नगरपालिका बालकोट बस्छन् । उनी आजभन्दा ८ महिना अघि ऋण रकम लिनका लागि एनआइसी एशियाको खुमलटार शाखामा पुगेका थिए । गन्तव्य यातयात, गन्तव्य ईन्भेष्टमेन्ट लगायत कम्पनिको मालिक रहेको बताउने श्रीबल्लबलाई बैंकले उनको घर नै धितो राखेर ९५ लाख रुपैयाँ ऋण उपलब्ध गराएको थियो ।

'उहाँको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रेस सल्लाहकार हुँ भन्नु भएको थियो । उहाँले बैंकसँग रिलेटेड काम भए भन्नुस् हाम्रो पनि ईन्भेष्टमेन्ट कम्पनि छ भन्नु भयो,' कर्णले दियोपोस्टसँग भने,' उहाँको गन्तव्य ईन्भेष्टमेन्ट कम्पनि रहेछ । त्यस मार्फत उहाँले हर्बोको काम गर्नुहुँदो रहेछ । अहिले नाम सुन्दा उहाँ २०६२ सालमा हर्बो नामक नेटवर्किङ व्यावसायमा पनि फसेको मान्छे रहेछ । जेल पनि पर्नु भएको मान्छे भन्ने सुन्नमा आयो । पैसा खाएर भाग्नु भएको भन्ने पनि सुनेँ । यो मैले पछि सुनेको हो । म यतिबेला भागेर हिँडेको छु ।'

## मिडियाको धर्म र व्यवहार

मिडियालाई समाजको ऐना भनिन्छ । समाज जस्तो छ, त्यसको तस्वीर मिडियामा देखिने हो । समाजका विकृति विरुद्ध पहरेदारी गर्ने जिम्मेवारी पाएको प्रेस आफैं 'बार्गेनिङ' गर्ने र तथ्यहीन समाचार

प्रवाह गर्ने गलत प्रवृत्तिमा संलग्न हुनु राम्रो मान्न सकिँदैन । पत्रकारिताले आवाजविहीनको आवाज बोल्छ, शासक र सरकारलाई निरंकूश हुन दिँदैन, भ्रष्टाचार तथा अनियमितता हटाउन पहरेदारी गर्छ भन्ने विश्वासमा रहेका जनसाधारणलाई प्रेस काउन्सिलको विज्ञप्तिले मिडियाको विश्वसनीयतामा प्रश्न लगाइदिएको छ । अब आमजनले मिडियामा आउने सामग्री सही हुन् वा होइनन् भनेर सोच्नुपर्ने अवस्था सिर्जना भएको छ । "कुन मिडियाले कुन संस्था वा व्यक्तिसँग कस्तो बार्गेनिङ गरेको हो सत्यतथ्य बाहिर आउनुपर्छ," काउन्सिलले सबै मिडियाले बार्गेनिङ गरे भन्ने अर्थ लाग्ने गरी हचुवामा वक्तव्य निकालेर अपरिपक्व काम गर्नु हुँदैन । आचार संहिता विपरीत काम गरे कारबाही गर्ने निकाय नै काउन्सिल हो । उसले हचुवा विज्ञप्ति निकाल्ने होइन, छानबिन गरी सत्यतथ्य बाहिर निकाल्ने र दोषीमाथि कारबाही गर्ने हो ।

मिडियाको ज्यादती र दादागिरी विरुद्ध व्यापारिक संस्था र आम व्यक्ति लड्न नसक्ने बताउँदै विज्ञयहरु भन्छन्, "मिडियामा अच्काली नै भएको छ । मिडियालाई मर्यादित बनाउन र पीडितको पक्षमा लड्न काउन्सिलको व्यवस्था गरिएको हो । ऊ नै जिम्मेवारीबाट भाग्न मिल्दैन ।"

यस विषयमा काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेत प्रेस काउन्सिलको काम मिडियालाई गलत बाटोमा जान नदिन सजक गराउने भएको बताउँछन् । बस्नेत भन्छन्, "अनपेक्षित रुपमा बार्गेनिङ गरेका गुनासा बढेपछि त्यसलाई रोक्न यस्तो कदम चाल्नु परेको हो । हामी निरन्तर फलो गरेर यस्ता बेथिती रोक्न प्रतिवद्ध छौं । उजुरी परेका विषयमा अध्ययन जारी छ । पूरा भएपछि मिडियाले के कसरी बार्गेनिङ गरे भन्ने तथ्य सार्वजनिक हुन्छ ।" अहिले को पत्रकार हो, को होइन भनेर दिउँसै 'टर्च' बाल्नुपर्ने बेला आएको छ । पत्रकारबाटै पत्रकारको खोजी हुन थालेको छ । पत्रकार हराएर होइन, नक्कली पत्रकारको बढ्दो संख्याले सक्कली पत्रकारहरू 'गुमनाम' भएर हो । यस्तो अवस्था आएपछि विगतदेखि नै पार्टी-आस्थाको निकटता, साथी-सङ्गी हुनु र विभिन्न लाभ लिनुको नाममा नक्कली पत्रकारलाई सदस्यता दिएर महासघंको राजनीतिमा स्थापित भएकाहरूकै 'बिपी' 'हाइ' भएको छ । त्यही भएर होला, पत्रकारको आवरण र परिचयमा पाएसम्म राज्यका सबै सेवा-सुविधा, पद लिने, लिन चाहने र भ्याएसम्म महासंघलगायत समाजका विभिन्न संस्थामा बसेर फरक-फरक 'टोपी' लगाए पनि पत्रकार नै भनेर चिनिन पाउनेहरूलाई नै 'पत्रकार शुद्धीकरण' को चिन्ताले बढी सताएको छ । जिल्ला-जिल्लाको पत्रकारीताको अवस्था हेर्दा भट्टराईको कुरामा असहमति जनाउँने अवस्था पनि छैन । समाचार लेख्ने अनि सोही समाचारका आधारमा बार्गेनिङ गरेर पैसा कमाउँने प्रवृत्ति मौलाएको छ । यो कुरा भट्टराईले मात्र भनेका होईनन्, तत्कालिन सञ्चार तथा सुचना प्रविधि मन्त्री एवम् नेकपा एमालेका नेता गोकुलप्रसाद बास्कोटाले ०७६ सालमै पुष्टि गरेको विषय हो यो ।

यद्यपि शुद्धीकरणको आवाज आजभन्दा २०-२२ वर्षअघिदेखि नै सक्कली पत्रकारबाटै उठ्दै आएको हो । त्यसैले को पत्रकार हो, को होइन ? भनेर निष्कर्षमा पुग्नुअघि सर्वप्रथम यस विषयमा सैद्धान्तिक रूपमा नै प्रष्ट भइ व्यावहारिक पक्षहरू केलाउन जरुरी छ । साथै, विद्यमान समस्याको समाधानका लागि वैकल्पिक उपायहरूसमेत खोज्नुपर्दछ किनकि अहिलेको नियम, कानुन, विधान र संरचनाअनुसार बनेका/बनाइएका पत्रकारलाई अहिले नै शतप्रतिशत निमिट्यान्न पार्न खोज्नु 'दुस्साहस' मात्रै हुन्छ । विषयको उठान जति सजिलै भएको छ त्यति सजिलै यसको बैठक हुन गाह्रो छ । यो अभियान सफल पार्न यो अभियानका अगुवा, अभियन्ताहरू नै सबैभन्दा पहिले नीति र व्यवहारमा इमान्दार, प्रष्ट हुनुपर्दछ ।

**शंखरापुर नगरपालिकाको अनुरोध**

१. बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
६. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
७. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।

**रमेश नापित**
नगर प्रमुख

**समिता श्रेष्ठ**
नगर उप-प्रमुख

**बासुदेव खनाल**
प्रमुख प्रशासकयि अधिकृत

**शंखरापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
काठमाडौं, बागमती प्रदेश, नेपाल

# बहुमूल्य (गद्यकविता)



बहुमूल्य सुन , तिमीलाई कसले नेपाल ल्यायो ?
नेपथ्यबाट गृहमन्त्रीले साथ दिए कि ?
नेपथ्यबाट अर्थमन्त्रीले साथ दिए कि ?
नेपथ्यबाट गभर्नरले साथ दिए कि ?
नेपथ्यबाट प्रधानमन्त्रीले साथ दिए कि ?
नेपथ्यबाट राष्ट्रपतिले साथ दिए कि ?
नेपथ्यबाट आई . जी . पीले साथ दिए कि ?
नेपथ्यबाट प्रधान सेनापतिले साथ दिए कि ?
सियो पनि छिर्न नसक्ने भन्सारबाट कसरी छिर्यौ ?
बहुमूल्य सुन, मन्दिरको देवताजस्तो
जति केरकार गरे पनि अहँ केही बोल्दैन , अहँ केही बोल्दैन ।

बहुमूल्य सुन , केही त बोल न तिमी ?
तिमीलाई सीमान्तकृतवर्गले हेर्न सक्दैन
तिमीलाई निम्नवर्गले छुन सक्दैन
तिमीलाई मध्यमवर्गले चलाउन सक्दैन
तिमीलाई चलाउने उच्चवर्ग हो, घरानियाँवर्ग हो, उच्चपदस्थवर्ग हो
तिमीलाई चलाउने तस्कर हो
तिमीलाई छुन सक्ने भ्रष्टाचारी हो
तिमीलाई चलाउने उच्चपदस्थ कर्मचारी हो
सियो पनि छिर्न नसक्ने त्रिभुवन विमानस्थलबाट कसरी छिर्यौ ?
बहुमूल्य सुन, मन्दिरको देवताजस्तो
जति केरकार गरे पनि अहँ केही बोल्दैन , अहँ केही बोल्दैन ।

बहुमूल्य सुन , तिमीले रूप बदलेर आउनुको कारण के हो ?
कहिले एक किलोको बनेर आउँछौ
कहिले नौ किलोको बनेर आउँछौ
कहिले तेत्तीस किलोको बनेर आउँछौ
अहिले सय किलोको बनेर आएछौ
तिमी आउँदा आठ रेक्टरको भूकम्प बनेर आउँछौ
समुद्रको सुनामी बनेर आउँछौ
नेपथ्यमा गृहमन्त्री , अर्थमन्त्री , प्रधानमन्त्री , राष्ट्रपति को छन् ?
तिमी एक्लो छैनौ , मलाई विश्वास छ , अब त केही बोल ?
सियो नछिर्ने भन्सारबाट कसरी छिर्यौ ?
बहुमूल्य सुन बल्लबल्ल बोल्यो - सेटिङ्ग ।

गद्यकवि लक्ष्मीप्रसाद ढकाल
दर्शनाचार्य
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

## बुढानिलकण्ठ नगरपालिकाको अनुरोध

» बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**मिठाराम अधिकारी** नगर प्रमुख
**अनिता लामा** नगर उप-प्रमुख
**तुल्सीराम अर्याल** प्रमुख प्रशासकयि अधिकृत

**बुढानिलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, काठमाडौं, नेपाल






# Jaya Multiple Campus

# +2

Management
Humanities
Science
Law
NEB

BA/BBS
BASW/BCA
BBM
MBS
Affiliated to TU

Gokarneshwor-8, Makalbari
Kathmandu, Nepal
Tel: 5134140, 5134081
E-mail: info@jmcampus.edu.np

www.jmcampus.edu.np

14th ANNIVERSARY

CLASSIC TECH
छोयो कि चल्यो

# I AM

**Fast**



(Swift)

**Reliable**



(Trustworthy)

**Benefactor**




(Provide various offer)

T & C Applied*

# WHO AM I ?

पैसा सस्तो
Speed रोजेको जस्तो

Unlimited इन्टरनेट 300 Mbps साथ मा IPTV

150 Mbps With Router & STB

200 Mbps With Router & STB

250 Mbps With Router & STB

www.classic.com.np

sales@classic.com.np

+977-9801004477